# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक २५, २०७८ पौष २० मंगलवार (Jhuleni Post Weekly) 4 Jan. 2021 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


### एमाले प्यूठानको नवौं अधिवेशनको सरगर्मी बढ्दै

## अधिवेशनको उद्घाटन गर्न ज्ञवाली आउने

झुलेनी पोष्ट

प्यूठान

नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्यूठानको नवौं अधिवेशनको सरगर्मि बढेको छ । पार्टी नेतृत्वका लागि नेताहरुले आफ्ना आकांक्षाहरु सार्वजनिक गर्ने क्रम बढेको छ । नवौं जिल्ला अधिवेशन यहि पौष २३ र २४ गते बिजुवारमा आयोजना हुँदैछ ।




जिल्ला अधिवेशन उद्घाटनका लागि नेकपा एमालेका उप-महासचिव तथा पूर्व परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली प्यूठान आउने कार्यक्रम रहेको एमाले प्यूठानले जनाएको छ । कार्यक्रममा ज्ञवाली सहित नेकपा एमाले स्थायी कमिटि सदस्य मणीचन्द्र थापा, पोलिटव्युरो सदस्य तथा प्यूठान जिल्ला इन्चार्ज सूर्य थापा, केन्द्रिय सदस्य तथा जिल्ला सह इन्चार्ज हरीप्रसाद रिजाल लगायतले सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

अधिवेशनमा ४ हजार ८ सय ३३ संगठित सदस्यहरू मध्येबाट जिल्लाभरि करिब ५ सय ५० जना भन्दा बढि प्रतिनिधिहरू सर्वसम्मत रुपमा छानिएको एमाले प्यूठानले जनाएको छ । जिल्लाका ६४ वटै वडामा प्रतिनिधिहरु सर्वसम्मत रुपमा छानिएका हुन् । अधिवेशन सम्पन्न गर्नका लागि एमाले प्यूठानले बिभिन्न उपसमिति गठन गरी प्रचार प्रसारलाई तिब्रता दिएको प्रचार विभाग प्रमुख नेगनसिंह कुवरले जानकारी दिए ।

**नेतृत्वका लागि उम्मेदवारी घोषणा गर्दै**

एमाले केन्द्रिय कमिटिको बैठकले पुस २३ गते देशैभर जिल्ला अधिवेशन तोकेसंगै नेताहरुले भेटघाट बढाएका छन् । एमाले स्रोतका अनुसार एमाले प्यूठानमा पार्टी अध्यक्ष तुल्सीराम शर्मा सर्वसहमत भए पुनः दोहोरीने मुडमा छन् । नेतृत्वका लागि एमाले नेता नेहरसिंह के.सी., अजयसिंह, बिजयबिराज विष्ट, मधुर शर्मा लगायतले अध्यक्ष पदका लागि आकांक्षा सार्वजनिक गरेका छन् । यस्तै वर्तमान उपाध्यक्ष हुकुमबहादुर खड्का, एमाले नेताहरु झगबहादुर विश्वकर्मा, लक्ष्मीप्रकाश राजभण्डारी लगायत पनि नेतृत्वका लागि चर्चामा छन् । उनीहरुले पालिका अध्यक्षहरुलाई आफ्नो पक्षमा बोल्न लविङ्ग गर्दै प्रतिनिधिहरुसँग भेटघाट र सम्पर्क बढाएका छन् ।

## नौबहिनीमा डा. पोख्रेललाई बास छैन !

प्यूठान । नेपाली कांग्रेस नौबहिनी गाउँपालिका कमिटिले हालै केन्द्रीय सदस्यमा निर्वाचित डा. गोबिन्दराज पोख्रेललाई नौबहिनीमा हुने कुनै पनि कार्यक्रममा उपस्थित हुन नदिने निर्णय गरेको छ । यहि पुस १६ गते शुक्रबारका दिन पालिका अध्यक्ष देविराम पुनको अध्यक्षतामा बसेको बैठकले पोख्रेललाई पालिकामा बहिस्कार गर्ने निर्णय गरेको माइनुट सार्वजनिक भएको छ । कांग्रेस प्यूठानको गत मंसिर ७ गते भएको जिल्ला अधिवेशनमा मतदान पछि भएको मतगणनाको क्रममा दोहोरो झडपमा पोख्रेल मुखदर्शक बसेको, कार्यकर्तालाई आतङ्ककारीको संज्ञा दिएको, घाइते भएका




कार्यकर्ता सहानुभूति समेत नदिएको भन्दै आपत्ति जनाएका हुन् ।

## हाम्रो नजर

## बारीभरी तितेपाती



सरुमारानी गाउँपालिका २ दधेरीमा जागेश्वर पोख्रेलले लगाएको तितेपाती खेती

*स्थानीय स्तरमा यत्रतत्र रुपमा तितेपाती पाइन्छ । औषधीको रुपमा मात्र नभई धार्मिक कार्यमा समेत यसको उपयोग गरीन्छ । गाउँघरमा यत्तिकै उम्रेको तितेपाती गोडमेल गरी फाल्ने चलन छ । बास्नादार यो खाने भन्दा पनि शरिरका बाहिरी अङ्गमा प्रयोग गर्न बढी लाभदायक मानिन्छ । धेरै रोगको उपचार गर्न सहज तरिकाले पाइने हुँदा पनि यसको छुट्टै महत्व छ । तितेपातीको प्रयोग लुतो घाउ खटिरामा यसको पात माडेर ताजा रस लगाउनाले लुतो निको हुन्छ । अनुसन्धानका अनुसार तितेपातीबाट बनेको औषधिबाट मलेरिया निको पार्न सकिने खोज पत्ता लागेको छ । विभिन्न खाद्यान्नलाई बिग्रन नदिन र किरा लाग्नबाट बचाउन परमपरागत रुपमा गाउँघरका किसानहरु तितेपाती प्रयोग गर्छन् । यसको उपयोग जडिबुटीका रूपमा र सौन्दर्य प्रसाधन अत्तर बनाउनका लागि पनि प्रयोग गरिन्छ । तितेपातीबाट तेल निकाल्न मिल्ने र यसको तेलबाट हाड दुखाइको औषधि, चिलाउने रोगको औषधि, उच्च रक्तचाप र ज्वरोको औषधि बनाउन सकिने विज्ञहरुको दावी छ । साधारणतया जहाँ पनि हुर्कने भएकोले यो वनस्पती खेती गर्न पनि कुनै कठिनाइ छैन । यसैको महत्व बुझेर सरुमारानी गाउँपालिका २, दधेरीका कृषक जागेश्वर पोख्रेलले तितेपातीको खेती गरेका छन् । अरुले बारीमा मौषम अनुसार खाद्यान्न बालीको खेती गर्छन भने पोखेलले तितेपाती रोपेका छन् । यिनले आफ्नो बारीमा करिब ७ रोपती क्षेत्रफलमा यो खेती गरेका हुन् । तितेपातीको महत्व बुझेर खेती सुरु गरेका पोखेललाई शुभकामना ।*

## बिजुवार चोकमा सधै जाम



प्यूठान न.पा.-४, विजुवार चोकमा भएको जाम । तस्बिर : झुलेनी

*विजुवार बजार सधै ब्यस्त हुने ठाउँ हो । यहाँ पैदल यात्रु देखि सवारी साधनको दिनहुँ चाँप हुन्छ । बिहानदेखि बेलुकासम्म बजार गर्न आउनेहरु पैदल हिडिरहेका हुन्छन् । सडक आसपासमा दुबैतिर ब्यवसाय सञ्चालनमा छन् । बजार क्षेत्रमा पार्किङ्को उचित व्यवस्था नहुँदा दिनहुँ जाम भइरहन्छ । सडक क्षेत्रमा गाडी रोकेर खाद्यान्न र किराना सामान लोड अनलोड यहिँ गर्नाले सधै जाम हुन्छ ।*

*बैंक र बित्तिय संस्था विजुवार केन्द्रित भएकाले मोटरसाइकल सहित अन्य सवारी साधन समेत सडक किनारमै पार्किङ गरेर कामका लागि जाने भएकाले विजुवार बजार क्षेत्रमा सधै जाम हुन्छ । यहाँको भौकादेखि इलाका प्रहरी कार्यालय विजुवार चौकी सम्म साँघुरो सडक भएकाले दिनहुँ सवारी साधन जाममा परेका हुन्छन् । बजारका लागि ओहोरदोहोर गर्ने सर्वसाधारणका लागि छुट्टै पैदल मार्ग नहुँदा झनै सास्ति ब्योहोर्न बाध्य छन् । बैंक र बित्तिय संस्थाले पार्किङ बिनाका घरमा कार्यालय सञ्चालन गर्दा र ब्यवसायीहरुले सडक क्षेत्रमै सामान लोड अनलोड गर्नाले दिनहुँ समस्या भइरहन्छ ।*

## जीवनको रङ्ग

## पुराना भाँडा खरिदेर मनग्य आम्दानी

तेजेन्द्र बि.एम.

झुलेनी पोष्ट

आधुनिक प्रविधिको विकास भएसंगै मानिसहरु छिटो र भरपर्दो सेवाको प्रयोगमा लाग्छन् । आफ्ना आवश्यक्ताहरु परिपुर्ति गर्न आधुनिक स्रोत साधनको प्रयोग बढेको छ। सडक यातायातको विकासले गाउँघरमै सुविधा पाएपछि ग्रामिण क्षेत्रका स्थानीय बासिन्दा आफै बजार झरेर नयाँ भाँडा किन्ने गर्छन् । केहि वर्ष अघिसम्म पुराना भाँडाहरु सबैका घर-घरमा देखिन्थे। भाँडा साटफेर गर्नेहरु गाँउ-गाउँमा भाँडा साट्दै हिड्ने गर्दथे। आजभोलि गाउँघरतिर डोकोमा भाँडो बोकेर हिडेको बिरलै भेटिन्छ । सिन्धुपाल्चोक घर भएका महेन्द्र थापामगर भने यहि पुरानो पेशालाई निरन्तरता दिइरहेका छन् । विगत १५ वर्ष देखि प्यूठान नगरपालिका-२, दाखाँक्वादिमा व्यवसाय गर्दै आएका थापामगर यहिँ पेशाबाट परिवारको गुजारा चलाईरहेका छन् । उनि पहिले व्यवसायका लागि प्यूठान आएका थिए । व्यवसायकै शिलसिलामा प्यूठान आएका उनले २०६८



पुराना भाँडा खरिद गर्न नयाँ भाँडा डोकोमा राखेर गाउँ जाँदै घले र राई ।

सालमा बिवाह गरेका हुन् । बिवाह पछि उनले आफ्नो व्यवसायलाई व्यवस्थित गर्न र प्यूठानमै कर्मथलो बनाए । अहिले उनि ४६ वर्ष पुगेका थापाले वैधानिक रुपमै व्यवसाय दर्ता गरेरै यो पेशा गर्दै आएका छन् । सिन्धुपाल्चोक भाँडा पसल नामको व्यवसाय दर्ता गरेका छन् । उनी २०६३ सालदेखि प्यूठानमा बस्न थालेका हुन्। काम गर्दै जादाँ उनलाई सहयोगिको आवस्यक पर्न थाल्यो कर्मचारी राख्ने निधो गरेसंगै आफ्नै गाउँका दुई जना कर्मचारी पनि राखेका छन्। सिन्धुपाल्चोककै विनोद घले र जय बहादुर राई अहिले उनको कर्मचारीका रुपमा काम गर्दै आईरहेका छन् । 'धेरै पढाई लेखाई छैन त्यसैले दुःख भएपनि पुर्खाले गरेको पेसा अङ्गाल्दै आईरहेका छौं,' घलेले भने । 'अहिले यातायातको सुविधा

बाँकी ५ पेजमा.....

झुलेनी पोष्ट
सम्पादकीय ....

## पेचिलो बन्दै कांग्रेस प्यूठानको राजनीति

नेपाली कांग्रेस प्यूठानको राजनीति पेचिलो बन्दैछ । जिल्ला समिति प्यूठानको १४ औं अधिवेशन पश्चात कांग्रेस प्यूठानका दुई समुह पानी बारावारको अवस्थामा पुगेका छन् । अधिवेशन सम्पन्न भएको महिनौं बित्दा पनि तुस मेटिएको छैन । नौबहिनी गाउँपालिकाको सिंगो समितिले कांग्रेस नेता डा. गोबिन्दराज पोखेललाई बहिष्कार गर्ने निर्णय सार्वजनिक गरेको छ । आफ्नै नेतालाई गाउँपालिका प्रवेशमा रोक लगाउने यो निर्णय प्यूठान मात्र नभई देशमै नौलो बनेको छ ।

सार्वजनिक भएको माइन्युटमा नौबहिनीका हरेक कार्यक्रममा सहभागी नगराउने र कार्यक्रमबाट बहिष्कार गर्ने निर्णय छ । गाउँपालिका समितिका अध्यक्ष देविराम पुनको अध्यक्ष सहित सम्मिलित पदाधिकारीको निर्णय सार्वजनिक हुँदा कांग्रेस मात्र नभई अन्य दल समेत चकित परेका छन्। जिल्ला सभापतिमा नौबहिनी गाउँपालिका अध्यक्ष शिव रिजाल र गौमुखी गाउँपालिका अध्यक्ष विष्णुकुमार गिरीको उम्मेद्वारी थियो । अधिवेशनको मतगणनाको क्रममा रिजाललाई गिरीले उछिन्न थालेपछि रिजाल पक्षका समर्थकले भिडन्त गरेको गरेको गिरी पक्षले आरोप लगाएको छ भने रिजाल पक्षले जितको उन्मादमा गिरी पक्षले आक्रमण गरेको टिप्पणी छ ।

घटना पश्चात दुवै पक्षका एकले अर्कालाई आक्रमक शैलीमा बिज्ञप्ती जारी गरेका थिए। केहिँ समय शान्त रहेको दोहोरो पक्षको लडाई फेरी पछिल्लो हप्तादेखि चुलीमा पुगेको छ। गाउँपालिका प्रवेश नै निशेध गर्न थालेपछि अर्को पक्षको उत्तरको पर्खाइमा छन् उनिहरु । निर्वाचन सकिएको लामो समय बित्दा पनि अधिवेशनको दाग मेटिन सकेको छैन। अधिवेशनमा एउटै पार्टीमा दुई उम्मेद्वार बनेपछि बिजयी हुने एउटा मात्रै हो। तर पराजयपछि हार स्विकार्नु र बिजयपछि नैतिकता देखाएर कर्तव्यनिष्ठ बन्न जरुरी हुने कि !

# अस्थिर नीति बालबालिकालाई बोझ



पवित्रा मुडभरी पुडासैनी

भाषाप्रति व्यक्तिको अभिरुचि जगाइ भाषिक सिपमा सक्षम बनाउनु भाषा शिक्षाको उद्देश्य हो। नेपालमा औपचारिक शिक्षाको सुरुवात भाषा शिक्षा र भाषा पाठशालाबाट भएको पाइन्छ। स्तरीय ढंगले आफ्नो अभिव्यक्ति प्रकट गर्न, धर्म संस्कृति रीतिरिवाज र ज्ञान विज्ञानसम्बन्धी जानकारी राख्न र दोस्रो पक्षसँग विचार आदानप्रदान गर्न भाषिक सिप आवश्यक हुन्छ। हाम्रा विद्याल तहको पाठ्यक्रममा राष्ट्रभाषाका रूपमा १०० पूर्णांकको नेपाली र अन्तर्राष्ट्रिय भाषाका रूपमा १०० पूर्णांकको अंग्रेजी भाषा अनिवार्य विषयका रूपमा समावेश गरिएको छ। हाल विद्यालय तहमा अध्ययन/अध्यापनको माध्यम नेपाली भाषा रहेको छ तापनि पठनपाठनको माध्यम अंग्रेजी भाषा अपनाएका निजी विद्यालयप्रति अभिभावकको आकर्षण बढिरहेको छ। विश्व साहित्यको विशाल फाँटमा विचरण गर्नदेखि प्रविधि प्रयोगमा पहुँचबढाउन र अन्तर्राष्ट्रिय शैक्षिक प्रतिस्पर्धामा उत्रन चाहनेका लागि अंग्रेजी भाषा अत्यावश्यक भइसकेको छ।

विश्वव्यापीकरणको यो युगमा अंग्रेजी भाषाले कायम गरेको विश्वव्यापी प्रभुत्वबाट हामीमात्र प्रभावहीन रहन सक्ने अवस्था छैन। प्रतिस्पर्धात्मक गुणस्तरीय शिक्षा र रोजगारी खोज्दै विदेशिनेका लागि त अंग्रेजी भाषा अपरिहार्य नै भएको छ। अंग्रेजी भाषाप्रति आमअभिभावकको मोह र निजी विद्यालयमा देखिने अंग्रेजीमय शैक्षिक माहोलका कारण हाल सरकारी विद्यालयहरू पनि अंग्रेजी भाषामा शिक्षा दिने जमर्को गर्दैछन्। अंग्रेजी माध्यममा शिक्षा दिन थप शिक्षकका नाउँमा चर्को शुल्कसमेत असुलेका खवर बाहिरिइरहेछन् तर विडम्बना दक्ष योग्य शिक्षकका कमीका कारण अंग्रेजी शिक्षा फलामको च्युरा सावित भएको छ। सरकारी विद्यालयका अधिकांश शिक्षक अंग्रेजी भाषामा शिक्षण गर्न नसक्ने भएकैले त्यहाँको अंग्रेजी भाषा सिकाइ अत्यन्त कमजोर छ। अंग्रेजी भाषा सिकाइको मोह र महत्व बढेकाले सरकारी विद्यालय छाडी निजी विद्यालयमा भर्ना हुने बालबालिकाको संख्या दिन/प्रतिदिन बढिरहेको छ।

वीरशमशेरले वि. सं १९४८ मा दरवार स्कुल खोल्दा नै भनेका थिए- अरू कुरा छाडिदेउ, आफ्ना छोरालाई अंग्रेजी पढाऊ। राणाकालमै महत्व पाएको अंग्रेजी भाषामा शिक्षा दिन हाम्रा सरकारी विद्यालय कहिले सक्षम होलान? हालै काठमाडौं महानगरपालिकाले कार्यान्वयनमा ल्याएको स्थानीय पाठ्यक्रमअन्तर्गत कक्षा एकदेखि आठसम्म १०० पूर्णांकको नेपाल भाषा विषय थपेको छ। काठमाडौं महानगरपालिकाले दुई वर्षअघि स्थानीय पाठ्यक्रम तयार गरी कक्षा १ देखि ८ सम्मका बालबालिकाका लागि अनिवार्य विषयका रूपमा नेपाल भाषाको पठनपाठन सुरु गरेको छ। जसका लागि गत वर्ष महानगर शिक्षा विभागले करार शिक्षकको दरबन्दी सिर्जना गरी १ सय ७२ शिक्षक नियुक्त गरेको थियो। जसमा अधिकांश शिक्षकको उमेर ४० वर्ष नाघेको छ। महानगर सभाले पारित गरेको नेपाल भाषा व्यवस्थापनसम्बन्धी कार्यविधिमा नेपाल भाषाका लागि शैक्षिक योग्यता एसइइ पास र नेपाल भाषा शिक्षण गर्न सक्ने मापदण्ड बनाएको छ। महानगर शिक्षा विभागले महानगरभित्रका ८८ विद्यालयका लागि १ सय ७२ प्रशिक्षण सहायकको करार दरवन्दी सिर्जना गरी आवेदन माग गरेको थियो। नेवारी भाषालाई प्राथमिकता दिँदै ५ सय नौ निजी विद्यालयलाई समेत हालसम्म ३ सय ६० प्रशिक्षण सहायकलाई महानगरको खर्चमा तालिम दिइएको छ। थप तालिमको व्यवस्था हुँदैछ। यसै पनि कक्षा आठमा विभिन्न विषय गरी एक हजार पूर्णांकको विषयगत भार रहिआएकामा १०० पूर्णांकको नेवारी भाषाको भार थपिएको छ। स्थानीय पाठ्यक्रम निर्माण गर्दा आधारभूत तहका कलिला बालबालिकालाई नेपाली र अंग्रेजी भाषासँगै स्थानीय भाषासमेत थप्दा बाल मस्तिष्क र सिकाइमा पर्न सक्ने असरप्रति हामी गम्भीर हुनैपर्छ। हाम्रा विद्यालमा पहिलो वा दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकाइ नै कमजोर र कठिन भइरहेको अवस्थामा अन्य भाषा सिकाइ कति उपयुक्त र सहज होला? दोस्रो भाषाका रूपमा अन्तर्राष्ट्रिय भाषा अंग्रेजी नै सिक्न सिकाउन कठिन भइरहेको अवस्था छ।

आधारभूत तहमा अन्य भाषा सिकाइको शैक्षिक भविष्य आंकलन गरेर मात्र लागु गर्नु उचित हुन्छ। आधार भूत तहदेखि व्यावहारिक र सिपमूलक शिक्षा दिएर आत्मनिर्भरतातर्फ उन्मुख गराउनुपर्ने बालबालिकालाई अनिवार्य स्थानीय भाषा शिक्षाको बोझ हुन सक्छ। स्थानीय पाठ्यक्रमअनुसार प्राथमिक तहका सानासाना नानीहरूलाई स्थानीय भाषामै शिक्षा दिनु उपयुक्त हुने भएकाले तराई र हिमाली क्षेत्रमा यो उचित देखिएको हो। विविध जातिको समिश्रण रहेको ठाउँमा भने आधारभूत तहमा १०० पूर्णांकको स्थानीय भाषा पठनपाठन कति उचित होला? विगतदेखि नै राजनीतिक दल तथा शिक्षाका पदाधिकारीले आफूअनुकूल शिक्षाको व्याख्या र व्यवस्था गर्दा शिक्षा व्यावहारिक र गुणस्तरीय भन्दा भद्धा र भद्रगोल बन्दै गएको छ। विद्यालयदेखि विश्वविद्यालय तहसम्म राजनीतिक दबाब र प्रभावमा करार र अस्थायी शिक्षक नियुक्ति गर्ने र पछि तिनै अयोग्य र अक्षमलाई स्थायी गर्दै जाने परिपाटीले कसरी सुध्रन्छ शैक्षिक क्षेत्र? गुणस्तरीय शिक्षा पाउने बालबालिकाको अधिकारलाई कुण्ठित पार्ने गरी विगतदेखि नै सरकारले शिक्षक नियुक्तिको प्रतिस्पर्धात्मक प्रक्रियालाई पछाडि पार्दै करार, अस्थायी, राहत र स्वयंसेवक शिक्षकका नाउँमा राजनीतिक पहुँच भएका दलका झोले र आसेपासे अक्षम भिडलाई शिक्षकमा भर्ती गरेर सार्वजनिक शिक्षा ध्वस्त बनाएको छ। तीन तीन महिनामा फेरिने शिक्षा मन्त्रीको शिक्षामा सुधार भनेकै अस्थायी शिक्षकलाई स्थायी बनाउने घोषणा हो। शैक्षिक समस्याका थुप्रोलाई बेवास्ता गर्दै वर्तमान शिक्षामन्त्री देवेन्द्र पौडेलले केही समयअघिदेखि नै अस्थायी शिक्षकलाई स्वतः स्थायी गर्न पहल गर्ने बताउँदै आएका छन्। आफ्नो कार्यकाल शिक्षा क्षेत्रको सुधारमा खर्चने बताए पनि शिक्षा मन्त्री पौडेलले अस्थायी शिक्षकलाई स्थायी बनाएर समस्या समाधान होइन बल्झाउने कार्य गर्दैछन्। विद्यालय तहदेखि नै व्याप्त व्यापारीकरण र निजीकरणको अन्त्य गरी प्रतिस्पर्धात्मक प्रक्रियाबाटै आवश्यक योग्य दक्ष शिक्षक नियुक्तिको प्रक्रिया अवलम्बन गरी शिक्षालाई सिपमूलक र गुणस्तरीय बनाउनु जरुरी छ। मुलुकको समृद्धि शिक्षाको उच्चतम विकासमै खोज्ने परिपाटी बसाल्न सकेमात्र शिक्षाले गति लिन्छ। गुणात्मकता पनि बढ्छ। यसका लागि योग्य दक्ष शिक्षकका अलावा पाठ्यपुस्तक र शैक्षिक सामग्रीसमेत अब्बल हुनुपर्छ। भौतिक संरचनाहरूमा पनि व्यापक सुधार हुनुपर्छ। ग्रामीण क्षेत्रका नाममात्रका असंख्य विद्यालय टहरा अब भवनमा परिणत हुनुपर्छ। शिक्षक नै शिक्षण सिकाइ र शैक्षिक वातावरणको खम्बा भएकाले हाम्रा विद्यालयमा शिक्षक चयन र व्यवस्थापनमा सरकारको गम्भीर ध्यानाकर्षण जरुरी छ। राजनीतिक दबाब, प्रभाव, लहड र हस्तक्षेपका कारण अस्थायी, स्थायी, करार, राहत, अनुदान र स्वयंसेवक गरी विभिन्न प्रकारका अक्षम अयोग्य शिक्षक नियुक्त गर्दाको दुष्परिणाम सरकारी विद्यालयले भोग्नु परिरहेको छ। विद्यालय शिक्षा सुधारको जिम्मा पाएका स्थानीय निकायहरू राजनीतिक हस्तक्षेप र हर्कतविरुद्ध किन आवाज उठाउँदैनन्? भाषाको भारले पाठ्यक्रमलाई बोझिलो बनाउनुको साटो आधारभूत तहदेखि खोज अनुसन्धान अनि श्रम सिपमूलक शिक्षातर्फ बालबालिकालाई अभ्यस्त बनाउनुपर्छ।

बुर्जुवा शिक्षा भन्दै वर्तमान शिक्षा प्रणालीको विरोध गरेर शिक्षामा आमूल परिवर्तन चाहेको दल माओवादीको नेता देवेन्द्र पौडेल हाल शिक्षा मन्त्री छन्। हालको शिक्षा मन्त्रीको पद सधैँ उनलाई रहिरहन्छ भन्ने छैन। तर यो समयमा शिक्षाका निम्ति उनले गरेका राम्रा काम स्थायी, स्मरणीय र प्रभावकारी बनेर रहिरहने छन्। त्यसैले अब कसैको दबाब र लहडका भरमा होइन, राष्ट्रिय औचित्य र आवश्यकताको कसीमा शैक्षिक विकासलाई उनले अघि बढाउनुपर्छ। चरम व्यापारीकरण र चरम राजनीतीकरणबाट गए/गुज्रिएको हाम्रो विद्यालय शिक्षालाई तुरुन्त निकास दिने योजना र रणनीति आजको खाँचो हो। जनयुद्धकालमा बुर्जुवा शिक्षा पढ्न हुन्न भन्दै कपी कलम खोसिएका र कक्षाबाट थुतिएका बाबु आमाका सन्तान वर्तमान शिक्षामन्त्रीका शैक्षिक रूपान्तरणका योजना र क्रियाकलाप नियालेर बसिरहेका छन्। कैयौँ होनहार युवा गुणस्तरीय शिक्षा र रोजगारीका खोजीमा विदेशिएका अवस्थामा आफ्नै परिवार, समाज र देश बुझ्ने र बनाउने शिक्षा आजको खाँचो हो। शैक्षिक अन्योल र अराजकतासँगै चुलिएको ब्रेनड्रेन रोक्नसमेत उद्यमशीलता र रोजगारी बढाउने सिपमूलक व्यावसायिक र प्राविधिक शिक्षा विकासतर्फ शिक्षा मन्त्रीको ध्यान खिचिनुपर्छ।

pabitapudasaini4@gmail.com

नागरिक दैनिकबाट साभार ।

# अब मसाल कता ?



प्रदीप ज्ञवाली

०४६ सालको जनआन्दोलन र विभिन्न आम निर्वाचन एवं अन्य घटनाक्रमले देशका सबै राजनीतिक पार्टी र समूहहरूलाई जनअदालतको कठघरामा उभ्याइदिएको छ । आफूलाई सबभन्दा पुरानो, खाँटी र सही दाबी गर्ने विभिन्न कम्युनिष्ट समूह या नेताहरूले जस्तै नेकपा (मसाल)ले पनि यी अग्निपरीक्षाहरूमा आफ्नो यथार्थ हैसियत उदांगो पार्न बाध्य भएको छ । बीसको दशकमा नराम्रोसँग छिन्नभिन्न भएको कम्युनिष्ट आन्दोलनलाई ०२८-२९ तिर 'केन्द्रीय न्यूक्लियस'को रुपमा समेट्ने कोसिस गर्न र ०३१ मा ' चौथो महाधिवेशन'को आयोजना गरेर कम्युनिष्ट आन्दोलनमा उत्पन्न राजावादी या कांग्रेसपन्थी, उग्रवाम या दक्षिणपन्थी भड्काउविरुद्ध संघर्ष गर्न मसाल या यसको पूर्ववर्ती संगठनहरूको भूमिका एक स्तरसम्म सकारात्मक रहेको हो ।

तर समय बित्दै जाँदा त्यो सकारात्मक पक्ष पातलिंदै गयो र मसालको नेतृत्व विचार र व्यवहारमा झन्झन् अराजक, संकीर्ण या उग्रवाम भड्काउमा फस्दै जान थाल्यो । विभाजित कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्ने ऐतिहासिक भूमिका पुरा गर्नु त परै जाओस्, ऊ त आफ्नै पंक्तिका सामान्य रुपमा भिन्नमत राख्ने क्रान्तिकारीहरूप्रति पनि गद्दार, दक्षिणपन्थी, मध्यमार्गी, औसरवादी आदि बिल्ला भिराउँदै जान थाल्यो । 'सन्देश समूह', ' विद्रोही एकता केन्द्र', 'चौथो महाधिवेशन', 'मशाल' र 'विद्रोही मसाल' आदिको रुपमा वर्षौंपिच्छे जस्तो विभाजित हुँदै यहाँसम्म आइपुग्दा मसाल समूह मोहनविक्रमरुपी पर्वत वरिपरि प्रदक्षिणा गर्ने भक्तहरूको सानो समूह मात्र बाँकी रहन पुगेको छ । मसाल र फूट शब्द पर्यायबाची बन्न पुगेका छन् र वर्षैपिच्छे मसालमा फुट भएन भने 'हँ के भयो यस्तो अनौठो !' भनी कसैले सोधेमा आश्चर्य मान्नु पर्दैन ।

तर कुरा यत्तिमा सीमित छैन। मसाल स्वयंमा मात्र फुट्दै गएको भए त्यो त्यति महत्वको विषय हुने थिएन। तर मसालका कतिपय नीति र व्यवहार आत्मघाती मात्र छैनन्, सिंगै कम्युनिष्ट आन्दोलनमा एउटा भ्रमपूर्ण अवसरवादको रुपमा रहेका छन् र अग्रगतिको लागि एउटा अवरोध बन्न पुगेका छन् ।

### केही ऐतिहासिक सन्दर्भ

धेरै पुराना कुराहरू नकोट्याउँ । राजा वीरेन्द्रका तानाशाही राइफलहरूलाई छातीले ढाक्दै सुखानीको जंगललाई रक्ताम्मै पारी ढल्ने योद्धाहरूलाई 'कतै यिनीहरू सीआईएका एजेन्ट त होइनन् ?' भन्दै विष ओकल्ने या आफ्नै केन्द्रबाट विभिन्न सवालमा फरक मत राखी अलग हुने कमरेड 'आजाद'लाई 'संशोधनवादी', 'गद्दार' आदि भन्दै चरित्रहत्या गर्ने र फाशिष्टहरूलाई उहाँको हत्या गर्न सजिलो पारिदिने, पञ्चहरूले राखेको अविश्वास प्रस्तावलाई समर्थन गर्ने, तर भारतीय नाकाबन्दीताका उठेको देशभक्तिपूर्ण प्रजातान्त्रिक संघर्षलाई विरोध गर्ने मसालका नीतिहरू इतिहासका कठघरामा खडा छन् । देशभक्त जनतान्त्रिकहरुको संयुक्त सरकारलाई न्यूनतम कार्यक्रम र नयाँ जनवादलाई अधिकतम कार्यक्रम भन्दै लामो समयसम्म सुधारवादलाई लक्ष्य बनाएर हिँडेको मसालको विगत पनि कम्युनिष्ट आन्दोलनका सचेत पाठकहरू सबैलाई थाहै छ । अहिले चाहिँ हामीहरू ०४६ को जनआन्दोलन र त्यसयताका निर्वाचनमा मसालको विवादास्पद भूमिकाबारे चर्चा गर्नेछौं ।

### ०४६ को जनआन्दोलन र मसाल

तीस वर्षे पञ्चायती निरंकुशतामुनि पिल्सिएका जनताहरू विशाल छाती बोकेर ०४६ सालमा आन्दोलनमा उत्रिए । सबैलाई थाहा छ, त्यतिखेर पञ्चायत फाल्ने एकलौटी क्षमता न कम्युनिष्टहरूसँग थियो, न कांग्रेससँग। त्यसैले जनमतको दबाब र विगतका तीता पाठहरूलाई ध्यानमा राखेर देशमा वाम-काँग्रेस समझदारी स्थापित भयो र ऐतिहासिक जनआन्दोलन सम्पन्न भयो । तर त्यतिखेर मसालका जिकिरहरू के थिए ? ऊ आत्मगत शक्तिको क्षमताभन्दा धेरै माथि उठेर पूर्ण प्रजातन्त्र वा नौलो जनवादलाई तात्कालिक लक्ष्य बनाउनुपर्ने, आन्दोलनमा राजा र भारत दुवैलाई बराबरी रुपले निशाना बनाउनुपर्ने र आन्दोलनमा काँग्रेस, बर्मा, मानन्धर जस्ता समूहहरूसँग मोर्चाबद्ध हुनै नसकिने जस्ता हठ गर्दै थियो । यसको सार के थियो ? एउटा मनोगतवादी मतवाद मात्र थियो यो । यदि तत्कालीन स्थितिमा हामीहरू त्यो क्रान्तिकारी लफ्फाजीमा बहकिएको भए हाम्रा तात्कालीन मित्र शक्तिहरू टाढिन्थे, शत्रुपंक्तिको दायरा बढ्थ्यो र आत्मगत शक्तिले नभ्याउने तत्कालिन लक्ष्य वा पूर्ण प्रजातन्त्रको आशामा हामी प्राप्त गर्न सकिने सुधारहरूबाट पनि बञ्चित हुन पुग्ने थियौं । सारमा यो चर्को क्रान्तिकारी आवरणभित्र निरंकुशतालाई कायम राख्ने यथास्थितिवादी तर्क थियो ।

तर ती सबै चर्का तर्कहरूलाई जनआन्दोलनको आँधीले उडाइदियो र मसालको धेरै शक्ति किनारामा उभिएर सडकका आन्दोलनकारीहरूलाई आलोचना गर्नमा खर्चियो । तर जब आन्दोलन रगतको खोला तर्दै सुनिश्चित विजयतर्फ अघि बढ्न थाल्यो, 'लौ बित्ने भयो बा !' भन्दै मसाल हतार-हतार पेटीबाट ओर्लियो । आज मसालले जनआन्दोलनमा आफ्नो निष्क्रिय या रमिते भूमिकालाई ढाकछोप गर्न चैत २४ को आन्दोलन आफूले गरेको भन्दै नाक फुलाउने गरेको छ । तर वास्तविकता के थियो ? चैत २४ गते- त्यसअघि बितेका सतचालीस-अड्चालीस दिनमा पोखिएको रगतको ऊर्जाले दन्किएको विराटतम् ज्वाला थियो । त्यसभन्दा अघि कीर्तिपुर, पाटन आदिले आफूलाई मुक्तक्षेत्र घोषित गरिसकेका थिए, कर्मचारी लगायतका आम जनसमुदायहरू बेदीमा होमिएका थिए । विश्व जनमत आफ्नो दबाबलाई चर्काउँदै थियो । अझ भएन- राजाले त्यसै दिन मरिचमानलाई फ्याँकेर आफू थर्थर काँपिरहेका, तर अझै पासो फ्याँक्ने पनि तैयारीमा रहेको संकेत दिएका थिए। ती सब कुरालाई बिर्सेर चैत २४ को आन्दोलन हामीले गरेका हौं र पञ्चायत हामीले फ्याँकेका हौं भन्नु खण्डित दृष्टिकोण र दम्भी मनस्थितिको विकृत अभिव्यक्ति मात्र हो । सोध्न सकिन्छ- मसाल त्यत्रो वीर रहेछ, तर उसले राखेको चैत २५ को आन्दोलनले किन त्यसरी फ्लप खायो र वाममोर्चाले 'गद्दारी' गरे पनि चैत २७ पछि किन आन्दोलन हाँकेर लैजान सकेन ?

### चैत २६ को त्रिपक्षीय सम्झौता

राजा नांगो ढंगले हिंसात्मक आक्रमणमा उत्रेपछि, कांग्रेसले दरबारसँग साँठगाँठ गरेपछि, अनि घाइते आन्दोलनकारीहरूले 'देशमा कुनै पार्टी छौं भने हामीलाई हतियार देऊ, हामी दरबार ध्वस्त गर्छौं ।' भनेर सडकमा चिच्याउँदा समेत कुनै पार्टीले त्यसो गर्न नसकेपछि बाध्य भएर चैत २६ गतेको सम्झौता भयो। वास्तवमा त्यो सम्झौता कम्युनिष्टहरूको आत्मगत शक्तिका सीमाहरूद्वारा निर्धारित एउटा कष्टप्रद बाध्यता थियो । तर मसाल तत्कालीन परिस्थितिका जटिलताहरूलाई बिर्सेर या बुझ पचाएर (?) वाम मोर्चामाथि एकोहोरो वैचारिक हमला गर्दै गयो । सशस्त्र संघर्ष बिना राजतन्त्र ढाल्न र नौलो जनवाद ल्याउन सकिँदैन भन्ने पाठ घोकिरहने र एमालेलगायतका पार्टीहरूलाई सशस्त्र संघर्षको बाटो छाड्ने संशोधनवादीहरू भनेर गाली गर्ने मसाल चैत २६ को सम्झौता नभएको भए त्यही जनआन्दोलनबाटै राजतन्त्र ढल्थ्यो र जनवाद आउँथ्यो भन्ने अनौठो तर्क गरिरहेको छ । के यसो भन्दा मसाल उसकै व्याख्यामा 'एक नम्बर संशोधनवादी' भएन र ?

### ०४७ को संविधान र मसालका तर्कहरू

त्यसपछि संविधान निर्माणको दौर सुरु भयो । आन्दोलनबाट प्राप्त जनअधिकारहरूलाई संस्थागत र सुरक्षित गर्न र राजालाई बढी भन्दा बढी अधिकारविहीन तुल्याउन वामपन्थी संविधानविद्हरू, पार्टीहरू र जनताले निकै जटिल संघर्ष संचालित गरे । कांग्रेसलाई त पञ्चायतभित्रकै बहुदल पनि स्वीकार्य र पर्याप्त थियो, तर वामपन्थीहरू पञ्चायतकै अन्त्य चाहन्थे । वास्तवमा यो संविधानमा जे-जति सकारात्मक पक्षहरू छन्, तिनीहरू वामपन्थीहरूकै कठोर संघर्षका परिणाम हुन् । तर मसाल फेरि पनि देब्रे कुनामा उभियो र सम्पूर्ण शक्तिको स्रोत जनतालाई मानेको, राजालाई निकै हदसम्म अधिकारविहीन पारिएको र जनताका मौलिक अधिकारहरूलाई सुरक्षित गरिएको यो संविधानलाई 'कालो संविधान' हो, यो र पञ्चायती संविधानमा खास फरक छैन भनेर कराउन थाल्यो, एमालेलाई राजावादी भनेर सराप्न थाल्यो । तर वास्तविकता के हो ? कुनै पनि संविधान देशको तत्कालीन शक्ति-सन्तुलनको एउटा अभिव्यक्ति मात्र हो, एक अर्थमा विभिन्न राजनीतिक समूहहरूबीचको सम्झौता मात्र हो । एमाले बारम्बार भनिरहेछ- संवैधानिक राजतन्त्र हाम्रो आस्था या मान्यताको विषय हैन, वर्तमान स्थितिको एउटा बाध्यता, एउटा यथार्थता मात्र हो ।

स्वभाविक छ, भोलि शक्ति सन्तुलन फेरिदा यो सम्झौता पनि बदलिन्छ । प्रतिगामी शक्ति बलियो हुँदै गए राजतन्त्र निरंकुशतातिर उन्मुख हुँदै जानेछ, प्रगतिशील शक्ति बलियो बन्दै गए राजतन्त्र अजायब घरतिर थन्किनेछ । मसालको जस्तो बुझ नपचाउने हो भने वाम प्रतिनिधिहरूले संविधान बनाउँदा भोलि जनताले चाहेको खण्डमा जनमत संग्रहको माध्यमबाट राजतन्त्र हटाउन पनि सकिने प्रावधान राखिनुपर्ने जोडदार माग गरेका थिए र उनीहरूले संविधानका प्रत्येक जनविरोधी बुँदाहरूमा आफ्नो स्पष्ट लिखित असहमति जनाएका थिए । अनि उनीहरू कसरी राजावादी भए ? जनगणतन्त्रको लक्ष्य राख्नु, तर त्यो प्राप्त गर्ने आत्मगत शक्ति नजुटुन्जेल राजाका हातखुट्टा संविधानभित्र बाँधेर राख्नु, राजतन्त्र नै निरंकुशतावाद र प्रतिगामी तत्वहरूको नाइके हो र त्यसका विरुद्ध कठोर संघर्ष नगरी आमूल परिवर्तन र नयाँ जनवाद प्राप्त गर्न त के, प्राप्त भएका सीमित प्रजातान्त्रिक अधिकार पनि जोगिन सक्तैनन्, यो संविधानमा भएका जनविरोधी दफाहरू विरुद्ध निरन्तर संघर्ष गर्दै जानुपर्छ- के एमालेका यी स्पष्ट भनाइहरू राजावादी छन् ? के त्यसो भए मसालले भने जस्तो संविधान सभाको माग गर्नु नै क्रान्तिकारिताको मापदण्ड हो ? के सडक आन्दोलनबाट फाल्न नसकिएको राजतन्त्रलाई राजाकै छत्रछायाँमा गरिने संविधानसभाको चुनावबाट फाल्न सकिन्थ्यो ? अनि मार्क्सको शब्दमा 'तपाईंले जतिसुकै राम्रो संविधान बनाए पनि के गर्न सक्नुहुन्छ र ? जबकि राजाले संविधानको शीर्षकमै बन्दूकको नाल तेर्स्याइदिन्छ' भने जस्तै राजतन्त्र टिकाउने सेना र पुलिसलाई ध्वस्त गर्ने सशस्त्र पंक्ति मसालसँग तैयार छ र ऊ वैधानिक राज्यभन्दा परको तत्कालीन नारा अगाडि सार्न खोज्दैछ ?

यसरी मसाल फेरि अर्को मोडमा तत्कालीन स्थितिको यथार्थतालाई चिन्न, प्रमुख निशाना निर्क्योल गर्न र जनताको अग्रगतिलाई अगाडि बढाउन असफल भयो र प्रकारान्तरले यथास्थितिलाई सघाउँदै आफू जनताबाट झन्-झन् टाढा हुँदै आफूलाई अरू दुब्लो र निर्धो बनाउँदै गयो । बहिस्कारको हलचल कि काँग्रेसी रुखमा मलजल ? मसालको सबभन्दा ठूलो परीक्षा चाहिँ ०४८ को आम निर्वाचनमा भयो । मार्क्सवादले संसदीय संघर्षलाई कसरी हेर्छ र कम्युनिस्टहरूले निर्वाचनमा भाग लिन हुन्छ कि हुँदैन- यो शास्त्रीय विवादतिर नजाऔं। ०१५ सालको चुनावमा खुदै उम्मेद्वार बनेका, तर त्यसबारे कहिल्यै आत्मालोचना नगरेका 'खाँटी क्रान्तिकारी' मोहनविक्रमले पनि सिद्धान्ततः चुनावमा भाग लिनु गलत हुन्छ भनेका छैनन् । तर पनि मसालले उक्त चुनाव बहिस्कार गर्‍यो र सबैजसो पार्टीहरू 'चुनावी दलदल'मा फसेर हिलाम्यै भए पनि आफू पोखरीको डिलमा बसेर रमिता हेर्दै 'सुग्घर' बनिरह्यो ।

तर मसालले नेपाली जनतालाई चुनावी दलदलबाट मुक्त गर्‍यो कि पञ्चायती तावाबाट उम्केका माछाहरूलाई कांग्रेसी भुँग्रोमा खसाल्यो ? तथ्यहरू आफैँ बोल्छन्। पुनरुत्थानवादीहरू माथि हैन, एकलौटी सरकार बनाउने उन्माद मच्चाइरहेका कांग्रेसीहरूमाथि पनि हैन, मसालले चुनाव अवधिभर आफ्नो शक्ति चुनावमा भाग लिने वामपन्थीहरू, खासगरी एमालेमाथि निकृष्ट दर्जाका गाली गरेर बितायो । चुनावी सवालमा फरक मत राख्नेहरूलाई 'पिप' भन्दै लाञ्छना लगायो । 'अहिलेको चुनाव कांग्रेसले जित्नुपर्छ, त्यसपछि खुब दमन हुन्छ, अनि सबै हामीसँग मिल्न आउँछन् र क्रान्ति हुन्छ ।' यस्ता थिए त्यतिखेर मसालका क्रान्तिकारी तर्कहरू । चुनावका दिन उनीहरूले डण्डा बोकेर कम्युनिष्ट मतदाताहरूको बाटो रोकेर चोरबाटोबाट कांग्रेसलाई छाडिदिए । 'भोट नदिनुस्, दिनु नै हुन्छ भने बरु रुखमा दिनुस् ।' यो थियो मसालको सक्रिय बहिष्कारको सक्कली रुप । प्यूठान, अर्घाखाँची, बाग्लुङ आदि ठाउँमा अनेकौं गाउँ र वस्तीहरू मसालको क्रान्तिकारिताको साक्षी बने । मसालको 'येनान' मानिने प्यूठानमा एक ठाउँमा मात्र मतपेटिका फालियो र पछि सेनाले बन्दुकको बलमा जनतालाई ल्याएर रुखमा भोट खसायो । यही 'सच्चा क्रान्तिकारिता'को परिणाम हो- आफैंले पनि नचिताएका करिब एक दर्जन ठाउँबाट समेत कँग्रेसले जितेर एकलौटी सरकार बनायो । बधाई छ मसाल बन्धुहरू !

प्यूठान, अर्घाखाँची आदि ठाउँका जनताहरूले त्यो क्रान्तिकारिताको फल भोग्नुपर्‍यो- उनीहरू काटिए, थुनिए, वारेन्टेड भए, जागिरबाट बर्खास्त भए । गाउँ प्रशासनिक र कांग्रेसी आतंकले ग्रस्त भयो। तर मञ्चबाट मसालका नेताहरू कुर्लिरहे- 'देशमा सच्चा क्रान्तिकारी हामी हौं । मार्क्सवादको झन्डा हामीले उँचो उठाएका छौं । अरू सबै संशोधनवादी हुन् । बहिस्कार सफल भएको छ !! आदि ।' मसालको बहिस्कार केही जिल्लामा 'सफल' हुँदा त यस्तो स्थिति भयो भने देशव्यापी रुपमा 'सफल' भएको भए अझ कस्तो हुँदो हो? यति भइसकेपछि पनि मसालले अरूलाई कांग्रेसको पुच्छर भन्नु 'जो चोर उसैको ठूलो स्वर' भने जस्तै भएन र ? यी व्यवहार हरूले मसाल कांग्रेसी रुखका जरामा हाल्ने विकासे 'मल' जस्तो भएको छैन र ?

तर 'भोट माग्नेलाई चोट !' भन्दै भित्ता रंगाउने उही मसाल एक वर्ष बित्दा नबित्दै १ सय ८० डिग्री कोल्टे फर्क्यो र स्थानीय निकाय निर्वाचनमा सक्रिय सहभागी बन्यो । यसबीचमा मुलुकको राजनीतिक शक्ति सन्तुलनमा के अन्तर आयो ? परिस्थितिमा के बदलाव भयो र आफ्नो कार्यनीतिमा फेरबदल गर्नुपर्‍यो ?- मसालले कुनै स्पष्टीकरण दिन आवश्यक ठानेन । त्यतिमात्र होइन, स्थानीय स्तरको निर्वाचनमा मात्रै माग लिएको हो भन्ने भ्रम पार्ने यो समूह ०५१ को आमनिर्वाचनमा चाहिँ सम्पूर्ण रुपले नै सहभागी बन्न पुग्यो ।

तर फेरि पनि मसालले अवसरवादको चारित्रिक विशेषता प्रदर्शित गर्दै, बहिस्कार गर्दा बहिस्कार पनि ठीक, स्वीकार पनि ठीक भन्ने ढिपी कस्दै 'नीतिगत रुपमा यी सबै नीतिहरू सही थिए' भन्ने तर्क अघि सारिरह्यो, आज पर्यन्त सारिरहेको छ। विगतमा आफ्नो बहिस्कारको नीतिका कारण संसदमा प्रतिक्रियावादी शक्तिहरूको बहुमत पुर्‍याउन र देशको प्रजातान्त्रिक

बाँकी ५ पेजमा...


झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## कविता

शान्ती प्रतीक देश हाम्रो जन्मीएका बुद्द,
लुटी खान नपाएमा गर्छन आन्दोलन र युद्द ।
नहिँडौ अब युद्दको बाटोमा नेपाली दाजु भाइ,
लाटा सोझा जनता सताइ नठान वीर आफुलाई ।

युद्द छाडी लागौ अब विदेशलाई दिन ठोस जबाफ,
विकास गरौ देशको हामी भ्रष्टाचारलाई पार्दै सखाप ।
छाडौ अब सबै मीली यो देशमा युद्दको बाटोलाई,
माया गरौं हामी सबै आफ्नै देसको माटोलाई ।

बिदेशमा हेरौं भने कति विकास भैइसक्यो,
आफ्नो देश हेरौं भने भ्रष्टाचारमा गैसक्यो ।
लागौ अब सबै मिली विकासको बाटोमा,
रगत होइन पसिना बगाउ आफ्नै देशको माटोमा ।



**गीर बहादुर के.सी. (बीरही)**

***गौमुखी गाउँपालिका-६ लिवाङ्ग, प्यूठान***

छाडौं अब यो देशमा भ्रष्टाचार र अत्याचार,
कसो गरि देश बन्छ राखौ सत्य विचार ।
बलत्कारी भ्रष्टाचारी, लाग राम्रो बाटोमा,
मेहनत गरे सुन फल्छ, आफ्नै देशको माटोमा ।


भ्रष्टाचारी बलत्कारी राख्नै हुन्न देशमा ।
लुटी खान पाएपछि घुम्छन अनेक भेषमा ।
भ्रष्टाचारी बलत्कारी भगाउ जनता जुट्दै ।
डुबाइ सके देश हाम्रो गरीब जनता लुट्दै।

---

दिन ढल्यो महिना बित्यो बर्स पुग्यो प्रबासी आज,
लागेन उपाए भएन प्रगती के देखाउ तिमि माझ ।
चाहन्थ्ये खुसी राख्न मनी आफू पनि भइ खुसी,
जस्तै पाऱ्यो खाडिले फालेको कोइला रस चुसी।

जवानी र उम्लदो खुन बगाए जस्तै पसिना पानी बनाएर,
आएको थिए प्रदेसमा आसैआसामा छोराछोरी मनाएर।
न त आसा पूरा गर्न सके न त आफ्नै रगत मासु बचाउन,
खै अब कहाँ जाँउ मुटुभरी बाजिएका घाउ चोट जचाउन।

थिएन कसैलाइ जित्न छारछिमेकमा धनी बनी,
हिनेको हु दुई छाक सजिलै टार्न सक्छु कि भनी।
न घर बच्यो न रगत मासु बच्यो बिचल्ली छु,
लाग्न लाग्यो अब त संसारकै अभागी मै हु।



**निम बहादुर शाही (रातोमुला)**

ऐरावती गाउँपालिका-२,
ददेरीपाट, प्यूठान

---

## गजल

भुले म विगत कसरी बताउँ
छ मुटुमा खत कसरी बताउँ

देखाईमा खुसी भन्छन् सबैले
बिग्रेको हालत कसरी बताउँ

पिउदैन भन्थे सराव पिलाएँ
बसेको छ आदत कसरी बताउँ

बित्यो उमेर नै सकियो सम्पती
झुल्दै छु फगत कसरी बताउँ

जानिन बुझि व्यर्थै छु रमाएको
भएछु म कुलत कसरी बताउँ



**श्यामकुमार क्षेत्री मुस्कान**

***नौबहिनी गा.पा ८ बल्लेखोला प्युठान
हाल, भारत***

## गाउँपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

# दुर्घटनाले खोसेको त्यो प्रेम कहानी

प्युठानको नौबहिनी गाउपालिका-८, लुप्लुङ निवासी मदन भण्डारी पुस ९ गते नेपालगन्ज देखि प्युठान फर्कदै थिए । साझको समय थियो उनी एक्लै बाईकको यात्रामा प्युठान हिडे। रात परिसकेको थियो । पुर्व पश्चिम राजमार्ग अन्तरगत बाके राष्ट्रिय निकुञ्जको जङ्गलमा उनी मोटरसाईकल दुर्घटनामा परे। मदन बाटोमा छट्पटाइरहेको अवस्थामा भेटिए । साथमा कोहि हुन्थ्यो भने उनलाई तत्काल उपचार गर्न सजिलो हुने थियो । खै कतिवेर उनी छट्पटाए थाहा भएन । गाडिहरु तिब्र गतिमा गुडिरहेका थिए। उनी छट्पटिएको देखेपछि एकजना यात्रुबाहक गाडि चालकले गाडीमा राखेर उपचारको लागि मदनलाई नेपालगन्ज पुऱ्याएछन् । अस्पतालमा लैजादै गर्दा मदनको असमायिक निधन हुन पुग्यो ।
मदन लाई चिन्ने कोहि थिएन ।

प्रमाण स्वरुप मदनको झोला खोलेर हेर्दा एउटा सिफारिस भेटियो । उक्त सिफारिस प्युठानको स्वर्गद्वारी नगरपालिकाले नेपालगन्जको कुनै कार्यालयलाई लेखेको प्रमाण भेटियो। त्यस पछि बिभिन्न ठाउमा फोन सम्पर्क गर्दा आफन्त पत्ता लाग्यो । मदनका दाजु बिनोद भन्डारी बुटवल देखि दाङ लमही फर्कदै रहेछन् । भाईको घटना बारे दाजु बिनोद लाई थाहा भयो । बिनोद खबर पाउने बित्तिकै नेपालगन्ज पुगे । त्यसपछि अरु दाईहरु र स्थानीय दाजुभाई पनि नेपालगन्ज हिडे । त्यहाँ पुग्दा भाईको अवस्था देखेर आफन्तहरु बिक्षिप्त बने ।

घर परिवार र अन्य आफन्तलाई मदनको अवस्था सिकिस्त रहेको खवर दिए। तर मदनको मृत्यु भईसकेको थियो। शुक्रबार रातिबाट बिस्तारै विभिन्न सामाजिक सन्जाल मार्फत मदनको अल्पआयुमै भएको दुखद घटनाबारे श्रदान्जली लेखेको तस्बिर सहित पोष्ट आउन थाले । त्यसपछि घरपरिवारलाई पनि थाहा भयो कि मदनको मृत्यु भइसकेको रहेछ । घरको कान्छो छोरा समेत रहेका मदन ईन्जिनियर हुन् । नेपालगन्जमै शवको पोस्टमाटम



गरि स्थानीय दाजुभाईहरुको सहयोगमा मदनको शव शनिवार साँझ जन्मघर लुप्लुङ ल्याईयो। घरमा ल्याउदा परिवारको अवस्था सम्हाल्नै नसकिने थियो । त्यस पछि सम्पुर्ण आफन्तजन छरछिमेकीहरुले मदनको पार्थिव शरिर मात्र भेट्न पाए । तर सम्पुर्ण दाजुभाईहरुको सल्लाह अनुसार दाहसंस्कार आईतवार गर्ने निधो भयो । पारिवारिक स्रोत अनुसार बुटवलको अनिसा (नाम परिवर्तित) संग मदनको प्रेम थियो । गत मंसिर २७ गते बिहे गर्ने कुरो थियो । तयारी नपुगेको हुदा मदनको बिहे सार्नु परेको थियो।

आईतबार बिहान दाहसंस्कारको लागि घरबाट शव हिडाल्ने तयारी हुँदै थियो। शव घरको आगनमा राखिएको थियो । एक्कासी रुदै चिच्याउदै बुटवलबाट आफ्नो परिवार नै लिएर मदनकि प्रेमिका अनिसा घरमा आईन । अनिसा रुदै, झम्टिदै मदनको पार्थिव शरीर छोप्न गईन । अवस्था कल्पना भन्दा बाहिरको भयो । धेरैका आँखा रसाय । यहाँ कसैले कसैलाई पनि सम्हाल्न नसकिने अवस्था सिर्जना भयो। अनिसाले रुदै भक्कानिदै तिम्लाई बिहेमा लगाईदिन तयार गरेको माला राखेको थिए लिएर आएको छु, लगाउ भन्दै मदनको घाटिमा पैसाको माला लगाईदिईन ।

स्टाफ नर्स पढेकी उनी र इन्जिनियर मदनको त्यो प्रेम कहानी दुर्घटना समाप्त पारिदिन पुग्यो । साथै लामो समयदेखि गहिरो प्रेममा रहेको र आफुलाई मदनले धेरै भन्दा धेरै माया गर्ने अनिसाले भक्कानिदै मृत शवलाई सुनाउँदै थिइन् । अनिसा पटक पटक बेहोस हुँदै ब्युँझिदै रोइरहेकी हुन्थिन । के गर्ने मदनको पनि



**बोम बहादुर परियार**

चाहाना थियो होला अनिसालाई बिहे गर्ने घरको बुहारी बनाउने तर दुर्घटना प्रेममा रहँदाका सबै खुसी खोसिदियो । अनिसाले छुट्टिनै मानेकी थिईनन । एउटा चीत्कार अवस्थाबाट अनिसालाई केहिबेर पछि मदनको घाटिबाट छुटाएर बाहिर लगियो ।शंखको ध्वनिबाट गाउलाई शोकमग्न बनाउँदै सबलाई घर नजिकै अधेरी खोलामा अन्त्यस्टि गर्न लगियो । खोलामा चितामाथी सब राखेर श्रदान्जली सभा भयो ।

जहा बिभिन्न पार्टीका नेता कार्यकर्ता देखि लिएर स्टमित्र आफन्तजन अन्तिम श्रद्धाञ्जली दिन उपस्थित भएका थिए । त्यसपछि मदनका बुवा शोभाराम भण्डारी, दाइ कुमार भन्डारी र बिनोद भन्डारीले मदनको शवमा दागबत्ती दिएर आईतबार दिउँसो अन्त्यस्टि गरियो । भन्ने गरिन्छ मान्छे मरेपछी उसका राम्रा कुरा मात्र बोलिन्छ तर वास्तविक रुपमा मदन एउटा सच्चा ईमान्दार र सहयोगी थिए। उनी कम बोल्ने गर्थे तर मीठो बोल्थे। प्रिय साथी मदन यस्तो हुनु रहेछ र पो तपाईसङ्ग मेरो अन्तिम भेट लुप्लुङ देवाली पुजामा भएको रहेछ । अझै पनि मलाई लाग्छ कि तपाईं जिबित हुनुहुन्छ। तर थाहा छ तपाईको पार्थिब शरीर आफै जलाएर आए। तपाईको आत्मालाई स्वर्गमा बास मिलोस हार्दिक श्रदान्जली मदन । साथै परिवारजन र अनिसाजि लाई धैर्य धारणा गर्ने शक्ति प्रदान होस् भन्दै गहिरो समवेदना व्यक्त गर्दछु ।

## रोचक/प्रेरक प्रसङ्ग

# कमिलाको अनौठो व्यवहार : एक अर्काको मुखमा बान्ता गरेर मित्रता कायम

यो विशाल पृथ्वीमा करोडौं प्रकारका जीवजन्तु छन् । पर्यावरण सन्तुलन राख्नका लागि प्रकृतिले सबै जीवहरुलाई अहम जिम्मेवारी दिएको हुन्छ । कमिला पनि यस्तो जीव हो जुन पर्यावरणका लागि निकै महत्वपूर्ण हुन्छ । मानिसमा जस्तै कमिलाले पनि एक आपसमा मित्रता कायम गर्दछ र सामाजिक बन्धनमा रहन्छ ।

तपाइँलाई सुन्दैमा अनौठो लाग्न सक्दछ कि कमिलाले एक अर्काको मुखमा बान्ता गरिदिएर मित्रता कायम गर्दछन् । कमिलाले एक अर्काको मुखमा बान्ता गरिदिएर सामाजिक बन्धन कायम गर्ने र सूचनाको आदानप्रदान गर्ने गर्दछन् ।कमिलाको शरीरमा प्रमुख ३ भाग हुन्छन् । पहिलो भाग फोरगट, दोश्रो भाग मिडगट र तेश्रो हिन्डगट ।

पेटको सुरुवाती हिस्साको रुपमा रहेको फोरगटलाई सामाजिक पेट पनि भनिन्छ । त्यहीँ सामाजिक पेटको प्रयोग कमिलाहरुले मित्रता बढाउन तथा सूचना



संकलनका लागि गर्दछन् । फोरगटमा रहेको बान्तालाई कमिलाहरुले सामाजिक मित्रता बढाउने काममा प्रयोग गर्दछन् । त्यसका लागि कमिलाले एक अर्काको मुखमा उल्टी गरिदिन्छन् । उक्त प्रक्रियालाई ट्रोफाल्याक्सिस भनिन्छ ।

कमिला सामाजिक प्राणी हो जुन सदैव कोलोनी अर्थात् झुण्ड बनाएर बस्दछ । कमिलाको समूहको प्रतिनिधित्व रानी कमिलाले गर्छिन्। कमिलाको गोलोमा भाले र पोथी कमिला सँगै रहन्छन् । भाले कमिलालाई उसको प्वाँखबाट चिन्न सकिन्छ भने पोथी कमिलाको प्वाँख हुँदैन । कमिलाको आँखा केवल देखावटी मात्र हुन्छ, अर्थात् आँखाले देख्दैन । खानाको खोजीमा बाहिर निस्किएको बेलामा कमिलाहरुले रानी कमिलाद्धारा छाडिएको फेरोमोन्स नामक रसायनको गन्ध सुँघेर एक अर्काको पछाडि लस्कर बनाएर हिँड्दछन् ।

**एजेन्सीको सहयोगमा**

# लुम्बिनी प्रदेशमा तेस्रो स्थानमा प्यूठान अस्पताल

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट**

प्रदेश अस्पतालहरुको न्युनतम सेवा मापदण्ड कार्यन्वयन कार्यक्रम अन्तर्गत प्यूठान अस्पताल तेस्रो स्थानमा परेको छ । अस्पतालले हालसम्म प्रदान गरेको सेवाको आधारमा ७४ प्रतिशत प्रगति भएको देखिएको छ। प्रदेश सरकार लुम्बिनी प्रदेश स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय स्वास्थ्य निर्देशनालय बुटवलको आयोजनामा पुस १८ र १९ गते प्यूठान अस्पतालमा गरेको हो । गत आर्थिक वर्षमा ५९ प्रतिशत लिएको र यस वर्ष तुलनात्मक हिसाबले सेवाको प्रगति भएको तथ्यांकले देखाएको छ।

अस्पतालको भौतिक संरचना देखि काम, कर्तव्य र जिम्मेवारी, समय पालन, अनुसाशन, वार्ड व्यवस्थापन यि सबै कुराको रेखदेख तथा मुल्याङ्कन गर्दा जम्मा ९ सय ३९ अंक प्राप्त गरि ७४ प्रतिशत प्राप्त गरेको हो। २०४५ सालमा स्थापना हुँदा अस्पतालमा जम्मा १५ वेद थिए, २०७३ सालमा आउँदा ५० वेदको बनेको छ भने १ सय १७ कर्मचारि छन् । लुम्बिनी प्रदेशका १२ जिल्लामा १३ अस्पताल छन् जसमध्ये प्यूठान अस्पताल हब अस्पतालमा रुपान्तरण भई स्ेवा दिईरहेको छ । अस्पतालले




हालसम्म दिएको सेवा र अन्य गतिविधि प्रस्तुत गर्दै बरिष्ठ मेडिकल सुपरिटेण्डेण्ट डा. नबिन दर्नालले अक्सिजन प्लान्टको सेवा विद्युतको समस्याले सुरु नगरेको र यो सेवाको लागि छुट्टै ट्रान्सफर्मरको आवस्यक पर्ने भएकोले सुरु गर्न नसकेको जानकारि दिए।

'सुविधा सम्पन्न भवनको अभावले सबै सेवा दिन सकेका छैनौं दन्तसेवाका लागि भने चाहेजस्तो सेवा दिन सफल भएका छौं,' उनले भने। अस्पताल तथा न्युनतम मापदण्ड सेवा लागु भएका स्वास्थ्य संस्थाहरुले सुशासन तथा ब्यवस्थापन , उपचारात्मक सेवा ब्यवस्थापन र अस्पताल सहयोग सेवा यी तिन वटै पक्षमा रहेर समग्र अस्पतालको कार्य राम्रो हुनुपर्ने हुन्छ। साथै यस अस्पतालमा दन्तसेवा, ओपिडी सेवा, इमर्जेन्सी र ओपिडी वार्ड व्यवस्थित हुनुका साथै आवस्यक कर्मचारी भएको तर टिवाई कमिटी, फार्मेसी संचालन कमिटी बनाउनु पर्ने न्युनतम सेवा मापदण्डका स्रोत व्यक्ति महम्मद नरुल होदाले बताएका थिए।

यस्तै सामुहिक कार्य गर्न र नियमित रुपमा अस्पतालका सबै कर्मचारीले आफ्नो सेवामा पुर्ण विश्वासका साथ सेवा दिए अस्पताल अझै सफल हुने स्वास्थ्य निर्देशनालयका निर्देशक विनोद कुमार गिरिले बताएका छन्।

प्युठान नगरपालिकाका नगर प्रमुख अर्जुन कुमार कक्षपतीले कार्यक्रममा बोल्दै प्युठान अस्पतालको कुनै पनि कुरामा आफु सकारात्मक भएको भन्दै अहिले भौतिक संरचनाको मुख्य अभाव छ। यसमा सदैव सहकार्य गर्न प्रतिबद्ध भएको बताएका छन्।

# फोनिजको अध्यक्षमा श्रेष्ठ निर्वाचित

**झुलेनी पोष्ट**
**प्यूठान**

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), प्युठानको पाचौं जिल्ला अधिवेशन सम्पन्न भएको छ । शनिबार प्युठानको खलंगामा सम्पन्न पाचौं अधिवेशनले सुजल श्रेष्ठ (सुशील)को अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ। समितिको उपाध्यक्षमा सुवास श्रेष्ठ, सचिवमा तेजेन्द्र बि.एम., सह-सचिवमा सुशिला बुढा मगर र कोषाध्यक्षमा मुन्नी घर्ती मगर चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा केशव श्रेष्ठ, विशाल राना मगर, चिरण बुढा मगर, सुस्मा मगर, डेगम थापा मगर, सन्जय घर्ति मगर, माया बुढा मगर र उमेश घर्ति मगर चयन भएका छन्। केन्द्रिय प्रतिनिधिमा महाबिर राना मगर, दिपा घर्ति मगर, मित्र थापा मगर र सन्तोष रोका मगर चयन भएका छन भने क्षेत्रीय प्रतिनिधिमा बसन्ता के. एम., लिला पुन, शान्ता लामा र जिवनमाया के. एम. चयन भएका छन् । कार्यक्रममा नेपाल पत्रकार महासंघ प्युठानका अध्यक्ष सन्जय रिजालको प्रमुख आतिथ्यता रहेको थियो। अतिथिहरुमा रेडियो कृपालुका स्टेशन म्यानेजर बिजय सिंह भारती, फोटो पत्रकार महासंघ प्युठानका अध्यक्ष सागर रिजाल, दलित पत्रकार महासंघ प्युठानका सचिव बोम बहादुर परियार लगायतको उपस्तिथि रहेको थियो । कार्यक्रममा शुभकामना मन्तव्यसङ्गै महासंघका अध्यक्ष रिजालले भावी कार्ययोजना र उत्कृष्ट पत्रकारहरु सिर्जना गर्न, नयाँ बन्ने कार्यसमितिसङ्ग महासंघको सधै सहकार्य हुने प्रतिबद्धता व्यक्त गर्दै जनजातिहरुको सहयोग बिना महासंघ सफल नहुने बताएका छन् । यस्तै भारतीले जिल्लामा सक्रिय रुपमा लाग्ने र आदिवासी जनजाति पत्रकारहरुको हकहित सुनिश्चित गर्न, आफ्नो समुदायको मुद्दामा सशक्त रुपमा कलम चलाउन नयाँ कार्यसमितिले पहल कदम चाल्ने विश्वास आफुले लिएको भन्दै शुभकामना दिएका थिए। परियारले शुभकामना मन्तव्य सहित पत्रकार महासंघ को नेतृत्वमा पुग्नका लागि आदिवासी जनजाती पत्रकारहरुले आफ्नो पहिचान सहित मेहनतका कलम चलाउदै अगाडि बढ्न सुझाब दिए सङ्गै जिल्लामा जनजातिको बाहुल्यता बढी रहेको हुदा सबै एक ढिक्का हुँदै अगाडि बढे प्रदेश, केन्द्रमा समेत राम्रो जिम्मेवारी पाउने समेत बताएका थिए।

# निर्माण व्यवसायी संघको अध्यक्षमा नविनकुमार श्रेष्ठ

**झुलेनी पोष्ट**
**प्यूठान**

निर्माण व्यवसायी संघ प्यूठानको अध्यक्षमा नविन कुमार श्रेष्ठ निर्वाचित भएका छन् । श्रेष्ठको अध्यक्षतामा संघको पाँचौ अधिवेशनबाट १५ सदस्यीय पदाधिकारी निर्वाचित भएका हुन् । निर्वाचित अध्यक्ष निवर्तमान कोषाध्यक्ष हुन् । संघको वरिष्ठ उपाध्यक्षमा प्रेम प्रसाद पण्डित, द्वितीय उपाध्यक्ष शोभाराम न्यौपाने, महासचिव नारायण ज्ञवाली, सचिव केशव खड्का, कोषाध्यक्ष विशेक थापा निर्वाचित भएका हुन् । सदस्यहरुमा कृष्ण कर्माचार्य, हिरालाल गिरी, सुरेश अधिकारी, कमल श्रेष्ठ, अर्जुन श्रेष्ठ, अर्जुनसिंह बि.क., सुर्य बहादुर कुवर, खगेश्वर थापा, रेगम कुवर निर्वाचित भएका हुन् । संघको दशौं साधारण सभा जिल्ला



समन्वय समितिको सभाहल खलंगामा सम्पन्न भएको थियो। कार्यक्रममा संघका केन्द्रिय अध्यक्ष रबिसिंहको प्रमुख आतित्थ्यता रहेको थियो। हिँजो सम्पन्न भएको हो भने पाँचौ अधिवेशनको बन्द सत्र आइतवार दिउँसो सम्पन्न भएको हो।

माओवादी निकट व्यवसायीहरु बाहिरिए : निर्माण व्यवसायी संघ प्यूठानमा आवद्ध नेकपा माओवादी केन्द्र निकट व्यवसायीहरु बाहिरिएका छन् । संघको पद बाँडफाँडमा आफूखुसी गरेको आरोप लगाउँदै बाहिरिएको व्यवसायी मुकेश थापाले बताए।

## अब मसाल....

आन्दोलनलाई कमजोर पार्न सहयोग पुगेको तथ्य स्वीकार गर्दै मसाल न आत्मसमीक्षा गर्न नै तैयार छ, न त निर्वाचनमा भाग लिइरहेको बेला संसदमा कम्युनिष्टहरूको बहुमत ल्याउने हिसाबले, संसदीय मोर्चामा जनविरोधी शक्तिहरूलाई परास्त गर्ने हिसाबले बस्तुनिष्ठ र लचिलो व्यवहार अपनाउन नै तैयार छ। चुनावमा भाग त लिनुपर्छ तर प्रतिक्रियावादी संरचनाभित्र बहुमत ल्याउने हिसाबले निर्वाचनमा सम्पूर्ण शक्ति केन्द्रित गर्नुको अर्थ दक्षिणपन्थी भासमा डुब्नु हुन्छ भन्ने अवधारणा राख्ने मसालका नीतिहरूले प्रकारान्तरमा क्रान्तिकारिताको नाममा प्रतिक्रियावादीहरूलाई बहुमत दिन सहयोग पुऱ्याइरहेका छन्।

यही कुरा क्रान्तिपूर्व सरकार बनाउने विषयमा पनि लागू हुन्छ। 'वास्तवमा कुनै पनि सच्चा प्रगतिशील वामपन्थी समूह सरकारमा जाँदै जाँदैनौं भन्नु मार्क्सवाद विपरीतको कुरा हो' दस्तावेजमा त मसाल यस्तो लेख्छ। तर व्यवहारमा भने मसाल क्रान्तिपूर्व पनि जनताको अभिमत लिएर कम्युनिष्ट सरकार बनाउने, वर्गसंघर्षलाई अधिसंरचनाको तहबाट पनि अघि बढाउने र प्रगतिशील सुधारको अभियानलाई तीब्र पार्ने कार्यनीतिक सोंचको भने विरोधमा उभिएको छ। यही कार्यनीतिक सोंचको कारण नेकपा (एमाले) मसालको विरोध र आलोचनाको शिकार बनिरहेको छ। आन्दोलनका निश्चित रुपहरूमा शक्ति केन्द्रित गर्न नचाहने, सम्पूर्ण प्रहार प्रमुख प्रतिक्रियावादी शक्तिमाथि खन्याउन नचाहने, चालू संघर्षमा श्रेष्ठता हासिल गर्दै अघि बढ्न नचाहने द्विविधापूर्ण, विरोधाभाषयुक्त र डोलायमान चरित्र मसालको विशेषता नै बन्न पुगेको छ।

### थप केही कुरा

यति भइकन पनि मसाल मार्क्सवादको सुगा रटाई गर्न सबभन्दा अगाडि रहेको छ। यदि क्रान्तिकारी हुनुको अर्थ मार्क्सवादी पुस्तकहरूका उद्दरणहरू घोकिरहनु हो भने मान्नुपर्छ- मसाल देशको एक नम्बर क्रान्तिकारी पार्टी हो र मोहनविक्रम नेपालको लेनिन हुन्, नेपालका माओ हुन्। तर मार्क्सवादलाई जडसूत्र होइन, कामको पथप्रदर्शक सिद्धान्त मान्ने हो र हरेक कम्युनिष्टको पहिलो दायित्व आफ्नो देशको ठोस स्थितिको ठोस मूल्यांकन गर्दै क्रान्तिलाई अघि बढाउने कुरा मान्ने हो भने मसाल एउटा जडसूत्रवादी, संकीर्ण र उग्रवामपन्थी चिन्तनले ग्रसित समूह मात्र हो। आज ऊ प्रधान शत्रु चिन्न नसकेर राजा, काँग्रेस र भारतलाई समान दुश्मन मान्दै एउटा ढुंगाले तीनवटा चरा मार्न खोजिरहेछ, घरेलु प्रतिक्रियावादीहरू विरुद्धको प्रहारलाई कमजोर गरिरहेछ। विगत बीस वर्षदेखि सशस्त्र संघर्षको रट लगाइरहेको मसाल न त इमान्दारीपूर्ण ढंगले त्यसको तयारी गर्छ न पूर्ण शक्तिका साथ शान्तिपूर्ण आन्दोलनलाई अघि बढाउन नै ध्यान केन्द्रित गर्छ। सशस्त्र संघर्षको मोहरूपी डुंगामा एउटा खुट्टा र शान्तिपूर्ण आन्दोलनरुपी डुंगामा अर्को खुट्टा गर्दै नदी पार गर्न चाहने मसाल आन्दोलनमा तीव्र ध्रुवीकरण सँगसँगै झन्झन् खण्डित बन्दै गइरहेको छ। 'अर्ध-भूगिमत' नामक लफ्फाजी भिरेर मसाल एकातिर जनतालाई क्रान्तिकारिताको भ्रम पनि दिइरहेको छ भने अर्कोतिर वर्तमान खुल्लापनका कुनै पनि अवसरहरूलाई छोड्न नचाहने लालच पनि प्रदर्शन गरिरहेछ। न ऊ वर्तमान अवस्थामा २०४६ सालको आन्दोलनका उपलब्धिहरूलाई जगेर्ना गर्दै शक्ति संचय गर्ने कार्यनीतिका साथ अघि बढिरहेका यथार्थवादी क्रान्तिकारीहरूको पंक्तिमा उभिएर एउटा मोर्चालाई बलियो बनाउन नै प्रयत्न गर्छ। देशमा कम्युनिस्ट एकताको खाँचोलाई बेवास्ता गर्छ र सबैलाई गाली गर्दै, सबैलाई अवसरवादी भन्दै आफूलाई मात्र शुद्ध क्रान्तिकारी सावित गर्ने प्रयत्न गर्छ। अवसरवादको चारित्रिक विशेषता यही होइन र ? मसाल देशमा कम्युनिष्ट एकताको ऐतिहासिक खाँचोलाई बेवास्ता गर्दै आफूबाहेक सबैलाई 'औसरवादी' देख्ने जन्डिसले ग्रस्त छ।

*अन्त्यमा,*

यसरी इतिहासका विभिन्न मोडहरूमा मसालले जे-जस्तो भूमिका खेलेको छ- त्यसले मसालको बारेमा गम्भीर प्रश्न चिन्हहरू उभिएका छन् । किन मसाल स-साना कार्यनीतिक सवालमा पनि निरन्तर फुट्दै जान्छ र एउटै पार्टीभित्र रहुञ्जेल एक नम्बर क्रान्तिकारी रहेकाहरू फुट्नासाथ किन 'गद्दार' कहलाइन्छन् ? किन जब देशमा साझा शत्रुका विरुद्ध मोर्चा बन्ने र संयुक्त संघर्ष उठ्ने स्थिति हुन्छ- तब ऊ सम्पूर्ण शक्तिका साथ मित्र शक्तिमाथि हमला गर्छ र वातावरण बिथोल्छ ? अहिले पनि चर्का नाराहरूको खोल ओढेर मसाल सुधार निम्तिको संघर्षबाट किन तर्किन्छ र घुमाइफिराइ यथास्थितिलाई सघाउँछ ? यही स्थिति हो भने मसालको भावी गति के हुन्छ ?

समग्रतामा प्रश्न उठ्छ, अब मसाल कता ?

- नोभेम्बर, २०००

## पुराना भाँडा....

नभएको होइन पनि तर भाडाँमा लाग्ने रकम बचाउँन सकिन्छकि भनेर डोकोमा बोकेर जिल्लाका सबै ठाउँमा बिक्रि र साटफेर गर्दै हिड्छौं,' राईले भने । पसल राखेरै व्यवसाय गर्दै आएपनि उनि कर्मचारीहरु संगै जिल्लाभर हिड्ने गर्दछन्। पसल राखेरै व्यवसाय गर्दै आएपनि उनि कर्मचारीहरु संगै जिल्लाभर हिड्ने गर्दछन्। 'बुटवलबाट भाँडा खरिद गर्छु जिल्लाभर कर्मचारीसंगै हिडेर बिक्रि तथा साटफेर गर्दै हिड्छु, कहिले त उनिहरुलाई दिने तलब पनि पुग्दैन,' सञ्चालक थापाले भने । आफुहरु गाउँ-गाउँमा हिडेपनि श्रीमति शरला के.सि.ले पसलमा बसेर सहयोग गर्छिन् ।

केहि वर्ष अघिसम्म नयाँसंग पुराना भाँडाहरु साट्नका लागि गाउँ-गाउँमा डोकोभरी भाँडा बोकेर हिडेको पाईन्थ्यो । पूर्वका पश्चिम क्षेत्र र पश्चिमका पुर्वी क्षेत्रतिर भाँडा बोकेर साटफेर गर्न हिड्ने गर्दथे । तामा, स्टिल र सिल्टीका भाँडा बनाउँने र बेच्ने व्यावसायिहरु नै भरिया बनेर गाउँघरमा हिड्ने गर्दथे । आजभोलि गाउँघरतिर मात्र नभएर कतै भेटिदैनन् । ठाउँ-ठाउँमा भारि बिसाउँदै थकाई मार्दै वारि गाउँ र पारि गाउँ गर्दै डोकोभरिका नयाँ भाँडा सकेर पुराना भाँडाले फेरि डोको भरेर आफ्नै घर फर्कन्थे। प्रायजसो भाँडा साटफेर गर्नेहरु जुम्लातिरबाट आउँने गरेको उनले बताए।

'गाउँघरमा उनिहरु आउँदा जुम्लि आए भनेर पुराना भाँडाहरु जम्मा गरेर राख्ने गर्दथे । नयाँसंग पुराना भाँडा साटेर राख्ने गर्दथे । आजभोली गाउँमा हामिमात्र हुन्छौं तर भाँडा बेच्न र साटफेर गर्न धेरै समय गाउँमै बस्नुपर्छ,' थापाले भने।

गाउँघरमा बुढापाकाहरु भाँडा साट्नेहरु आउँछन् भनेर पुराना र टुटेका भाँडाहरु सुरक्षित साथ राखिरहन्थे । त्यसबेला आफुहरुलाई भाँडा साट्नेहरु खोज्न पर्ने चिन्ता नभएको उनले बताए । गाग्रि, डेक्चि, ताउलो, थाल, कटौरा, लगायतका धेरै भाँडाहरु आफ्ना टुटेका भाँडाहरुसंग साटफेर गर्दै आईरहदाँ समग्रमा आफु सन्तुष्टिनै रहेको थापा बताउँछन् ।

# पर्यटकीय सम्पदा 'गौमुखी' एक चिनारी

प्यूठानको प्रशिद्ध नदि झिम्रूक (धर्मावति) को शिरमा अवस्थित धार्मिक तीर्थस्थल गौमुखी जिल्लाकै एक महत्वपुर्ण पर्यटकिय तीर्थस्थल हो । 'गौमुखी' गौमुखी गाउँपालिका वडा नं.-२, साविक अर्खा गा.वि.स.वडा नं. १ मा पर्दछ । गौमुखी समुन्द्र सतहदेखि करिव १८०० मिटर उचाईमा अवस्थित छ । करिव ४५ फिट लम्वाई, करिव १८ फिट चौडाई र करिव २० फिट उचाईमा गौमुखी गुफा छ । प्राकृतिक रुपमा अनौठो प्रकारको यस गुफाको प्रवेशद्वारको चौडाई करिव ६ फिट र उचाईमा सबैभन्दा होचोमा करिव १२० सेन्टिमिटर र सबै भन्दा अग्लोमा करिव १० फिट सम्म रहेको छ ।

'गौमुखी' ठुलो घना जङ्गलको बिचमा रहेको छ । गौमुखी वरपर रहेको घना जङ्गल मध्ये प्रमुख प्रशिद्ध लेकहरु तिरछङ्गा गोठथरी, सानो नाङ्गी लेक, ठुलो नाङ्गी लेक, माझेधारा लेक, पञ्चासे लेक, दन्ताले लेक, पातले लेक, सातताले लेक, सुङ्गार खाल र मजुवाको समथर मैदान रहेका छन्। प्राकृतिक छटाले सदावहार मनोरम रहेको गौमुखी वन क्षेत्र भित्र वाईसमुल झरना, दुईवहिनिको भिर, किनामभिर, वाग्कोटभिर, रिकिलभिर, तिनथुम्केभिर, लम्जाकोभिर, सुर्केको गोठथरी, भतेरवाङ, भुजवाङ, सानो मेला, ठुलो मेला र भालु लुक्ने ओडार पनि रहेको छ ।

प्यूठानको सुदुर उत्तरपुर्वी भागमा रहेको अर्खा गा.वि.स. लाई वि.स.२०७४ मा स्थानीय तहको पुनसंरचना गर्दा गौमुखी गाउँपालिका वडा नं.१ र २ मा विभाजन गरिएको छ । साविक अर्खा गा.वि.स.वडा नं.१ देखी ५ सम्म लाई गौमखी गाउँपालिका वडा नं.२ र साविक अर्खा गा.वि.स.वडा नं.६ देखी ९ सम्मलाई गौमुखी गाउँपालिका वडा नं.१ मा पारिएको हो । हरेक वर्ष माघेसंक्रान्तिका अवसरमा पौष मसान्त देखी माघ २ गते सम्म गौमुखीमा वृहत मेला लाग्दछ । श्रावण महिनामा वाहेक मंगलवार, शनिवार, औसी र पुर्णिमाको दिन मात्र गौमुखी स्नान गरेमा आफूले चिताएको कुरा निश्चित पुरा हुने धार्मिक जनविश्वास रहि आएको छ । गौमुखीमा गएर स्नान गरेमा पाप पखालिने र सत्कर्मको थालनि हुने धार्मिक आस्था जनमानसमा रहेको पाईन्छ। गौमुखी जङ्गल प्यूठान र बाग्लुङ्गको सिमाना क्षेत्रमा पर्दछ ।

गौमुखी पुग्नको लागि दाङ जिल्लाको भालुबाङबाट उत्तरतर्फ लागेपछि प्यूठान स्वर्गद्वारी जाने बाटो आँउछ ।

सोही बाटो भएर भालुबाङदेखी प्यूठानको चकचके सम्म करिब ४० किलोमिटरको यात्रा गर्न सकिन्छ। प्यूठानको चकचकेबाट बाँया तर्फको बाटो लागे स्वर्गद्वारी तर्फ यात्रा गर्न सकिन्छ, भने चकचके देखी दाँया तर्फको बाटो लागे गौमुखी जाने बाटो पर्दछ । चकचके देखी बाग्दुला सम्म करिब १८ किलोमिटरको यात्रा गर्न सकिन्छ । त्यसैगरी प्यूठानको बाग्दुला देखी मच्छि, ढूलावेसी, गुल्मिको अग्लुङ्गफेदी हुदै प्यूठानको अर्खा ढूलाचौर सम्म करिब ४२ किलोमिटरको यात्रा गर्न सकिन्छ। हाल अर्खा ढूलाचौर देखी करिब ४ किलोमिटरको पैदल यात्रा (ट्याकिङ्ग) गरेपछि गौमुखी पुग्न सकिन्छ। ढूलाचौरको गाँउबाट किनाम गाउँ हुदै करिब एक घण्टा गौमुखी खोलाको किनारैकिनार पैदल यात्रा गरेपछि जङ्गलको माझमा पहरा चिरेर सेतै केश फिँजारे जस्तै पूर्वपट्टि पाखामा गौमुखीको झरना छङछङाएको देख्न र सुन्न सकिन्छ । ढुलाचौरदेखि किनाम सम्म करिव १.५ किलोमिटर मोटर बाटो खन्ने योजना रहेको छ । यसो भएमा किनाम देखी गौमुखीसम्म करिव २.५ किलोमिटरको पैदल यात्रा (ट्याकिङ्ग) रहने छ ।

बाग्लुङ्ग जिल्ला निसिका ताँगरा निसेल बुढाले करिब २०० वर्ष अगाडि गौमुखी गुफा पत्ता लगाएको कुरा उजरसिंह बुढाले बताएका छन् । बाग्लुङ निसिका ताँगरा बुढा निसेल एक गाई, भैसि गोठाला थिए । त्यस समय खेतीपाति काम गर्ने र तत्कालिन समयमा परम्परागत व्यवसायिक रुपमै पशुपालन गरे जस्तै महिनौ सम्म जंङ्गलमै विभिन्न ठाँउमा गोठथरी राखेर जंङ्गलमा बसोवाँस गर्ने चलन थियो । ताँगरा बुढा निसेलले गर्मिको समयमा गाँई, भैसी लिएर निसि ढोरपाटन जान्थे भने, जाडोको समयमा प्यूठानको अर्खा गौमुखी जंङ्गल हुदै दाङ जिल्लासम्म पुग्दथे । त्यसरी गाई भैंसी चराउँदै हिँड्दा उनी कैयौ दिनसम्म अर्खाको गौमुखी जंङ्गलमा बस्ने गर्दथे । एक पटक ताँगरा निसेल बुढाले भैंसी गोठ बनाउनको लागि गौमुखी भन्दा पारिपट्टिको तिरछङ्गा खन्यान भिरबाट खर काटेर पहिले खर राखिरहने ओडार भत्किएको र अर्को ओडार खोज्दै जाने क्रममा जंगलको बिचमा ओडार भित्रबाट दुधजस्तै पानीको फोहोरा मुहानबाट झरिरहेको देखेछन् ।

अध्यारो गुफामा करिब ४५ फिटभित्रबाट पानीको छहरा दुध जस्तै बनेर चट्टानको बिचबाट पानीको मुहान छङछङाउदै बगिरहेको देखेछन् । पानीको मुहान निस्किरहेको चट्टानको आकृति गाईको मुख स्वरुपको चुनढुङ्गाले बनेको देखेछन् । जहाँ २ ओटा गाईमुख आकृति भएको चट्टानको बिचबाट पानीको मुहान निस्किरहेको अझैपनि देख्न सकिन्छ । गुफाभित्र प्रवेश गरी (सिलिङ) माथितिर बत्ति बालेर हेर्दा गाईको थुनजस्तो देखिने र त्यही गाईको थुनजस्तो आकृतिबाट दुधको सर्को झरेजस्तै गरी पानी झरिरहेको ताँगरा निसेल बुढाले देखेछन् । र यस गुफाको प्राकृतिक अवस्था हेरेर उनी चकित भएछन्। पक्कै पनि यहाँ देवताको वासस्थान छ, चोखो निष्ठा गरी पूजापाठ गर्न जरुरी छ भनि सोचेछन् । अनि यस गुफालाई गौमुखी नामाकरण गरेछन् र बाग्लुङ्गदेखि दाङसम्म गौमुखीको बारेमा उनैले प्रचार-प्रसार गरेको कुरा ताँगरा निसेलका सातौं वंश भारतीय सेना क्याप्टेन श्री उजरसिंह बुढा निसेलले बताउनुभएको छ ।

राप्ती नदीको एक हिस्सा झिमरुक नदीको उदगमस्थल हो गौमुखी । अर्खा, ढुलाचौर किनामबाट अगाडि बढेपछि पुगिने गौमुखीको ऐतिहासिक, पर्यावरणीय र सांस्कृतिक महत्व व्यापक रहेको छ । तर दुर्गम अवस्थितिका कारण पर्यटकीय पूर्वाधारको अभाव छ । माघे सङ्क्रान्तिमा मेला लाग्ने गौमुखीमा २०६९ सालमा करिब ३० हजार आन्तरिक पर्यटक पुगेका थिए । सरकारले सुरुमा मदाने-पञ्चासे वन संरक्षण क्षेत्र प्रस्ताव गरे पनि अहिले यस क्षेत्रलाई छुट्टै गौमुखी वन संरक्षण क्षेत्रमा प्रस्ताव गरेको छ । माघे संक्रान्तिको मेलामा तीर्थालु/दर्शनार्थीहरु नुहाउछन्, परेवा, कलम, ध्वजा आदि चढाउँछन् र आ-आफ्नो मनोकांक्षा पुरा होस् भन्ने चाहान्छन् । ऋतुको परिवर्तन सँगसँगै कहिले सेतै हिउँको खास्टो ओढ्ने, कहिले कुहिरोको पगरी गुथ्ने र कहिले लाली गुँरासले सिँगारिने अर्खाको लेक श्रृङ्खलाको काखमा अवस्थित छ गौमुखी । अझ ठ्याक्कै भन्नुपर्दा सानो नाङ्गी र माझधारको फेदीमै पर्दछ गौमुखी। माझेधार तिरबाट झरेको घुस्टु खोला र उत्तर-पश्चिमतिरबाट झरेको दाह्रा खोला गौमुखीको छेवैमा मिसिन आउछन् । जुन ठाँउलाई दोभान भनिन्छ। दोभानको छेवैमा पूर्वपट्टि पाखामा तीर्थस्थल गौमुखीको गुफा र गुफा बाहिर गौमुखीको मन्दिर देखिन्छ ।

गुफाभित्रबाट निस्किएको पानी छङछङाउदै, मनोरम छहरा बन्दै उत्तरतिरबाट झरेका दाह्रा र घुस्टुङसित मिसिएर गौमुखी खोला बनेर ओरालिन्छ । तर खडेरी याममा दाद्दर र घुस्टुङ दुवै ढड्यानमा अलापिदै जान्छन् । ढुलाचौर नजिकै झरिसक्दा गौमुखी खोलालाई घोर्साङ खोला भन्दछन् स्थानीयहरु । गौमुखीभन्दा पश्चिमतिर अर्खाकै बाइसमूलको झरनाबाट झरेको छहरा खोला ढूलाचौरको पश्चिमतिर लुजिवाङ गाँउको फेदीमा भेटिएर गौमुखी खोला (घोर्साङ खोला) अरु विशालिन्छ । अर्खाकै बाइचौर, सुँगुरे, खलु गाँउ हुदै झरेको घट्टेखोला सवरा गाँउको मुन्तिर गौमुखी खोलासित भेटिन्छ । थोरै तल पुगेपछि उत्तर पश्चिमतिरबाट रजबारा-खराको तिखाचुली पहाड आसपासबाट झरेको खराखोला सँग मिसिएर झिमरुक नदि बन्न पुग्दछ ।

**गौमुखी तिर्थस्थल दर्शन गर्दा तिर्थालुहरुले ध्यान दिनु पर्ने महत्वपुर्ण कुराहरु**

- कम्तिमा तीन छाक उपासु बस्नुपर्ने ।
- नुन, नुनिलो वस्तु, मासु, खान नहुने ।
- जाँड रक्सी सेवन गर्न नहने ।
- श्रावण महिना बाहेक माघेसंक्रान्ति, औँशी, पुर्णिमा, मंगलबार र शनिबार स्नान गर्दा चिताएको कुरा प्राप्त हुने जनविश्वास ।
- मरेको मानिसको अस्तु, कपडा, गर गहना बगाउन नहुने ।
- साबुन पानी सँग नुहाउन नहुने ।
- घर जुठा परेको अवस्थामा स्नान गर्न नहुने ।
- महिनावारी भएको अवस्थामा महिलाहरुले स्नान गर्न नहुने ।
- विद्या आर्जनको लागि कापि कलम चढाउने ।
- शुख , स्वास्थ्य, शान्ति तथा सफल युगल जोडि प्राप्त गर्न परेवा उडाउने ।
- गाइवस्तु व्यवसाय सफल पार्नको लागि दाम्लो चढाउने।
- राम्रो र लामो कपाल होस् भन्ने चाहाना पुरा गराउन बाबियो चढाउने ।
- खाद्यान्न उत्पादन रामो होस् भनी मकै, गहुँ लगायतका अन्न गेडा चढाउने ।
- गुफा भित्र चिच्याएर वर मागेमा मात्र मनोकामना पुरा हुने विश्वास ।
- गौमुखि स्नान गर्दा छालाका रोगहरु निको हुनका साथै मनोकामना पुरा हुने विश्वास रहिआएको छ ।
- सुनचाँदि व्यावसाय राम्रो होस् भनी कामना गर्नेले सुनचाँदिको ध्वजा चढाउने ।
- गुफा भित्र प्राकृतिक रुपमा रहेको विभिन्न कलाकृतिहरु टोडफोड तथा चुडाएर लैजान नहुने ।
- कुनै पनि प्राणिको वलि चढाउन नहुने ।
- मध्यपान गरि स्नान गर्न नहुने ।

**गौमुखीमा धार राख्ने परम्परागत विधि**

१.चामल पिसेर मन्दिरको नजिकै रेखी राख्ने गरिन्छ ।

२.मन्दिरको नजिकै चेप्टो ढुङ्गामाथि सुरुमा चामलको पिठो ९वटा रेखी र त्यसमाथि दायाँबाट बायाँ एक रेखी, फेरी बायाँबाट दायाँ एक रेखी र अन्त्यमा दायाँ बाट बायाँ अर्को रेखी गरी तेर्सो चामलको पिठोको तीन वटा रेखी राखिन्छ ।

३.रेखीको मुनि गाईको गोबरको ९ वटा कुण्डा बनाई त्यो कुण्डामा सिङ नभाचिएको, पुच्छर नकाटिएको,अपाङ्गता नभएको अर्थात कुनै प्रकारको पनि खोट नभएको गाईको दूध ती नौ वटै कुण्डहरु माथि पुजारीले मुखमा रुमालको मास्क लगाई धार राख्न जाने चलन छ । त्यसरी धार राख्न जाने मानिसले तिन दिनसम्म उपवास बस्ने चलन छ ।

४.पौष महिनामा माघे सङ्क्रान्ति आउने बेला एक पटक, माघे सङ्क्रान्तिको बिहान एक पटक र बैशाखमा एक पटक त्यसरी गौमुखीमा गाईको धार हाल्ने काम स्थानीयवासीहरुले गर्दछन् । पौष र वैशाखमा धार हाल्ने बार मङगलबार वा शनिबार पारेर गरिन्छ।

५.गाईको दुधको तरसँग पाती मोलेर कोइलामाथि राखेर धुप हाल्ने गरिन्छ ।

६.चामलको पिठोको ९रेखी, ९कुण्डमा गाईको दुधको धारसँगै ९वटा रातो-सेतो ध्वजा समेत बाध्ने गरिन्छ । त्यस बाहेक पालु(वनको राजा बाघ) को नाममा एक जोर सेतै सेतो ध्वजा बाध्ने गरिन्छ ।

*श्रोतः-*

*- अर्खा भोवाङ्ग निवासी शेर बहादुर पुन (जेठि परेल) ले दिएको जानकारी)*

*- अर्खा लुजवाङ्ग निवासी ढाल बहादुर थापा (खरालि पत्ति) ले दिएको जानकारी*

कतिपय स्थानीयवासीले माथि उल्लेख गरिए अनुसारको विधिबाट १८ रेखी र १८ वटा धार समेत गौमुखीमा चढाउने गर्दछन् । त्यसरी दुधको धार र रेखी हाल्नाले गाईभैंसी लगायतका पशुपालनमा आफुलाई लाभ हुने स्थानीयहरुको विश्वास छ । पालु (बाघ) लाई समेत ध्वजा बाँध्नाले वन्यजन्तुबाट आफुले पालेका पशुप्राणी माथि क्षति नहोस् भन्ने हो । यो एक प्रकारको प्रकृति पूजा नै हो । यो तीर्थस्थल हिन्दु धर्मसँग जोडिएको भए पनि त्यहाँको धार्मिक विश्वासमा प्रकृति पूजा पनि जोडिएको स्पष्ट हुन्छ ।

**गौमुखी क्षेत्रको विकासक्रम**

ताँगरा बुढा निसेलले गौमुखी पत्ता लगाएपछि पूजा गर्ने गाईको दुधको धार हाल्ने चलन सुरु भएसँगै गौमुखीको गुफामा प्रवेश गर्न सजिलो हुने गरी त्यस वरपर स्थानीयबाट बाटो निर्माण गर्ने कार्य भयो । अर्खा सवराका सुबेदार नरबहादुर थापा सामाजिक सुधारको भावना भएका व्यक्तिको अगुवाइमा हवल्दार मतिलाल थापा, तिलबहादुर थापा, खड्कु थापा लगायतले (भाइ भाइ नछुट्टिदै ) वि.स.२००५ साल



मित्र ब. थापा

भन्दा पहिल्यै गौमुखीको प्रवेशद्धारमा काठको ढोका बनाई दिएका थिए । त्यति बेला दाद्दर खोला र घुस्टुङ्ग खोला अहिले मिसिने ठाउँभन्दा केही तल गएर मिसिन्थे। गौमुखी गुफाको पश्चिमपट्टि दुई खोलाको बीचमा एउटा ठूलो पाङ्ग्राको रुख थियो र त्यही दुई खोलाका बीचमा धेरै समथर ठाँउ पनि थियो । त्यही ठाँउमा गौंमुखीको मन्दिर थियो । रुखभरि घण्ट र ध्वजाहरु झुण्डाइएका थिए ।

मानिसहरु त्यही ठाँउमा ध्वजा,परेवा, बाबियो, पैसा चढाएर पूजा गरेर गौमुखी गुफाभित्र प्रवेश गर्थे, नुहाउँथे। मन्दिरको केही माथि सुबेदार नरबहादुर थापाकै अगुवाइमा एउटा पौंवा पनि बनाइएको थियो । माघे सङक्रान्तिभन्दा अगाडिको रात बाहिरबाट नुहाउन आउने देसउरेहरु पौवातिर र त्यस वरपर रहन्थे भने गाउँले राम्चेहरु रातिमा गौमुखि पारिपट्टि ओडार र समथर भागमा थुप्रन्थे । रातभरि दोहोरी, झाम्रे गाउँथे । २०१५ सालतिरै काठको प्रवेशद्धार पानीले गलेर समाप्त भयो । त्यसपछि त्यसमा ढोका बनाउन उचित नहुने भनि अहिले ढोका राखिएको छैन । २०२० सालतिर गौमुखीको मन्दिर भएको समथर भुभागलाई खोलाले बगायो। मन्दिरका घण्टहरु पनि बगायो । पाङ्ग्राको रुखलाई पनि बाढीले ढाल्यो ।

खोलामा भेटिएका बाँकी घण्टहरुलाई बटुलेर गुफाको नजिकै सारियो र गुफाको नजिकै मन्दिर बनाई पूजा गर्न थालियो । गौमुखी गुफाभन्दा पारिपट्टिको समथर भागलाई पनि खोला र पहिरोले बगाएपछि रातिमा थुप्रिने राम्चेहरु गौमुखी खोलाकै किनारामा करिब २ किलोमिटर तल जरुवा भन्ने ठाँउमा रातिमा मेला लाग्न थाल्यो । गौमुखी पारिको समथर भाग खोला र पहिरोले बगाएपछि देसउरेहरु माघे सङक्रान्तिको पहिलो रात दोभानमा बस्थे, स्थानीय राम्चेहरु ( मेला हेर्न गएका मान्छेहरु) गौमुखीभन्दा केही तल जरुवा भन्ने ठाँउमा बस्थे र बिहान उज्यालो भएपछि जरुवाका राम्चेहरु ढुलाचौर सर्ने प्रचलन थियो । तर अब २०६० बाट जरुवा छाडेर राति र दिउसो ढुलाचौर मै बस्ने प्रचलन सुरु भएको छ ।

२०४३ तिर खेमराज पण्डित राष्ट्रिय पञ्चायत सदस्य र राममणि पोखरेल जिल्ला पञ्चायतको सभापति भएको बेला मन्दिर बनाउन एक बोरा सिमेन्ट र पौवा बनाउन केही पैसा दिएकाले त्यति बलै पौवा बनाइएको थियो । त्यस बेला नै सिमेन्ट लगाएर सानो मन्दिर व्यवस्थित

बाँकी ७ पेजमा ...

## पर्यटकीय...

गरिएको थियो। मन्दिरमा पित्तलको गाईको मूर्ति समेत राखिएको थियो । हरेक वर्ष माघे सङ्क्रान्तिभन्दा पहिले गाँउलेहरुले झारा लगाएर गौमुखी जाने बाटो खोलाको तिरै तिर बनाउने गर्दथे। माघे सङ्क्रान्तिमा आउने (पर्यटक ) देसउरीहरुलाई हिड्न सजिलो होस् भनेर र दुई गाँउलेहरुलाई डाला घाँस गर्न जान सजिलो होस् भनेर त्यसरी झारा लगाएर बाटो बनाइन्थ्यो। २०६५ सालमा नेपाल सरकारको पर्यटन बोर्डबाट ८ लाख रुपैया सहयोग भएपछि गौमुखी तिर खोलाबाट छाडेर ठुलाचौर किनाम हुदै भिरको बाट सजिलोसँग पैदल यात्रा गौमुखी पुग्न सकिने भएको छ।

२०६६ सालमा अर्खा गा.वि.स.बाट गा.वि.स. सचिव डोलराज बोहरा सहित सर्बदलिय टोलि करिव १५/१६ जनाको टिम पहिलो पटक केन्द्रीय सरकार संग डेलिकेसन गएको थियो । पत्रकारको तर्फबाट मेरो पनि प्रत्यक्ष सहभागि हने अवसर पाएको थिए। जिल्लाको बजेट बाट अर्खामा मोटर बाटो पु-याउने योजनाले अलि ढिलो हुने भएपछि अर्खामा मोटर बाटो माग गर्न केन्द्रीय सरकार संग डेलिकेसन गएको थियो। तत्कालिन प्रधानमन्त्रि माधव कुमार नेपाल संग कुन समयमा कहाँ कसरी भेत्ने, र अर्खा सम्मको मोटर बाटो मागलाई सच्चाएर इन्दियाको सिमाना कोईलाबास देखि चिनको सिमाना लोमाङ्ठाङ सम्मको बहुवर्षिय योजना अन्तरगत त्रिदर्शिय मार्ग लयायत शिक्षा,स्वास्थ्य,पर्यटन क्षेत्रमा योजना माग बनाई दिने प्रमुख काम सुर्य थापाले गर्नु भएको थियो । साथै उक्त योजना माग गर्दा राम बहादुर बढाको पनि सहभागिता रहेको थियो। त्यस समय देखि गौमखि पर्यटन विकासमा केहि बर्ष निरन्तर योजना परेको थियो।

२०७१/७२ को आर्थिक बजेटमा पनि १० लाख रुपैया बराबर पर्यटन बोर्डबाट सहयोग भएपछि बाटोलाई अझ सजिलो बनाउने काम भएको छ। यसले गर्दा वर्षेनी गाँउलेहरुले झारा गरेर बाटो बनाउनु पर्ने समस्या पनि सकिएको छ । स्थानीयहरुलाई भेडा, बाख्रा वनतिर लैजान, घाँस दाउरा गर्नलाई समेत बाटो सजिलो भएको छ । गौमुखि दर्शन गर्ने तिर्थालु पर्यटक लाई रातिमा आगो बालेर रात काटाउन सहज होस् भन्नका लागि त्यहाका स्थानिय मानिसहरुले झारा गरेरै माघे सङ्क्रान्ति भन्दा पहिला (देसउर) पर्यटक जम्मा हुने ठाँउ दोभानमा दाउराको व्यवस्था गरिन्थ्यो। त्यो चलन अहिले केहि मात्रामा छ । २०५१ सालको मध्यावधि निर्वाचनमा प्यूठान जिल्ला क्षेत्र नं.२ बाट सांसद निर्वाचित भएपछि नवराज सुबेदिले संसद विकास कोषलाई हरेक गा.वि.स.का लागि १०/१० हजार बाँडेका बखत रजबारा र अर्खाको १०/१० हजार र त्यसमा थप ५ हजार गरी २५ हजार रुपैया प्रदान गरेका थिए। २०६६ सालमा अर्खा गा.वि.स.बाट सर्बदलिय उत्तिमे बुढाको नेत्तृत्वमा समिति बनाई सो पौवा निर्माण गरिएको थियो । स्थानीय जनताले श्रमदान पनि गरेका थिए। गौमुखीको मन्दिरदेखि पश्चिम उत्तरतर्फ ९ वटा धारा बनाइएको छ। पहिलो चरणमा ८ लाख रुपैया पर्यटन बोर्डबाट प्राप्त भएका बखत त्यसो गरिएको थियो।

२०७१ सालमा अर्खामा भारतीय भू.पू. सैनिकहरु, जो अधिकृत लेबल सम्म सेवारत भईं पेन्सन निस्किएका थिए, उनीहरुको जेसियस क्लब गठन गरेका छन् । त्यो क्लबले गौमुखी नजिकै एउटा प्रवेश द्धार बनाई दिएको छ। जस्ले पर्यटन पवर्द्धनमा सहयोग पुगेको छ । लुजिवाङ चन्द्रे जोगी छँदासम्म मन्दिरको भेटी उनले नै लिएको र उनको मृत्युपछि पनि अन्य जोगि भिक्षुहरु नै मन्दिरमा हुन्थे। जोगिहरु वस्न छाडे पछि २०४६ को राजनीतिक परिवर्तन पछि अर्खा गा. वि. स.वार्ड न.१ ले त्यसलाई जिम्मा लिने र त्यसको आय व्यय वडामा हिसाब हुने र प्राप्त आम्दानी गाँउकै विकास निर्माण कार्यमा लगाउने गरिन्थ्यो। त्यसलाई गाविसले जिम्मा लिनु पर्छ भनेर केहि समय गौमुखी मन्दिर संरक्षण तथा मुल व्यवस्थापक समिति बाट काम हुने गरेको थियो । जस्को अध्यक्ष साविक अर्खा गा.वि.स.वडा नं. ६ का दिपक थापा रहेका थिए।

अहिले गौमुखी गा.पा.मा २०७६ सालमा गा.पा. स्तरिय पालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको संयोजकत्वमा गौमुखी पर्यटन पर्वद्वन समिति गठन गरिएको छ। भिजित नेपाल २०२० मनाउन गठन गरिएको उक्त समितिले गौमुखी गा.पा. वडा नं.२ को अध्यक्ष श्री डोर बहादुर राना को अध्यक्षतामा उपसमिति गठन गरी सोहि उपसमिति मार्फत गौमुखि माघेमेला व्यवस्थापनमा काम हुने गरेको छ। २०७६ को माघे सक्रान्तिमा टिकट शुल्क तथा भेति जम्मा रकम रु १ लाख ४० हजार रुपैयाँ कोष जम्मा भएको थियो। पर्यटनको क्षेत्रमा प्रचुर संभावना वोकेको गौमुखीमा एक दिर्घकालिन योजनाका साथ अघि बढ्न सके यस क्षेत्रको समुन्नत विकास र समृद्ध गाउँ पालिका हुन सक्ने संभावना देखिन्छ।


## गाउँपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्र अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान


## प्रदेश चिनारी विशेष उत्पादन उद्यमलाई सहयोग (प्याकेज) सम्बन्धी प्रस्ताव आव्हानको सुचना

प्रकाशित मिती: २०७८/०९/१६

यस कार्यालयको आ व..२०७८/७९ को स्वीकृत वर्षिक कार्यक्रम अनुसार जिल्लाको सम्भाव्यता तथा विशिष्टताको आधारमा वस्तुहरुको पहिचान गरी स्तरोन्नति आवश्यक रहेका उद्योग तथा उद्यमीहरुलाई प्याकेजमा अनुदान उपलब्ध गराई उद्योग व्यसायिहरुको व्यसायिक विकासमा सहयोग गर्दै स्थानीय स्तरमा नै रोजगारीको सृजना मार्फत गरिबी निवारणमा टवा पुर्याउने उद्देश्यले प्रदेश चिनारी विशेष उत्पादन उद्यमलाई सहयोग (प्याकेज) अन्तरगत देहायको कार्यक्रम सञ्चालन गरिने भएकोले तपसिलका योग्यता पगेुका ईच्छुक उद्यमीहरुले यो सुचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र यस कार्यालयमा आवेदन/प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

**प्याकेजका कार्यक्रमहरू**:

१ अल्लो उत्पादन उद्यम।
२ खकुरी र परम्परागत कृषि औजार कार्यक्रम सञ्चालन विधि।
१ उद्यमशीलता विकास तालिम वा औद्योगिक सिचेतना कार्यक्रम।
२ प्रविधि सहयोग वा संरचना निर्माण वा सिप विकास तालिम वा उद्योग सञ्चालन स्थल घरभाडा।
३ उद्योगहरुको स्थलगत अवलोकन भ्रमण।

**आवश्यक कागजात एवम् योग्यता**:

- उद्यमीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- उद्योग दताा/नविकरण प्रमाणपत्रको प्रतिलिपि। (सञ्चालित उद्योगका लागि)
- स्थायी लेखा नम्बर दर्ता र आ.व. २०७७/०७८ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- उद्योगको व्यवसायिक योजना।
- अनुभव तथा तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि।
- तालिममा कामदार सहभागी गराउने भए उद्योगको सिर्फारिस पत्र।
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट तोकिएको अवधिभित्र कुनै प्रकारको सहसलियत सुविधा वा अनुदान नलिएको सोघोषणा पत्र।

**शर्तहरू**

- कार्यालयमा पेश हुने आवेदन/प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट लुम्बिनी प्रदेश, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम हुनुपर्नेछ।

बिस्तृत जानकारीको लागि यस कार्यालयको टेलिफोन नम्बर ०८६-४२००७७ मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिनेछ।


## कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

व्यवस्थापक :कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार :
गिरीराज पौडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान न.पा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८३८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।








## जाडोबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घर बाहिर ननिस्कौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मिहरुसँग परामर्श लिऔं।
- न्यानो कपडा लगाऔं ।
- घाम वा आगो तापौं ।
- तेल मसाज गरौं ।
- शारीरिक व्यायाम गरौं ।
- ताजा र पौष्टिक खानेकुरा खाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

JHULENI
United Network Pvt.Ltd.
झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा सञ्चालित
www.jhulenipost.com
एकै क्लिकमा सत्य, तथ्य र निष्पक्ष खबरका लागि पढ्न र हेर्न सक्नुहुनेछ ।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान